प्रभाव दैनिक
National Daily

वर्ष ११ अंक १११ काठमाडौं आइतबार, २७ साउन २०८१ Prabhab National Daily Sunday, August 11, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

टिआरसी विधेयकमा पीडितपक्षको अपनत्व

प्रभाव संवाददाता

काठमाडौं– संक्रमणकालीन न्यायसम्बन्धी (टिआरसी) विधेयक यही २९ साउनमा पारित गर्ने चर्चा चलिरहँदा द्वन्द्वकालीन गम्भीर मानवअधिकार उल्लंघन घटनाका पीडितहरूले उक्त ऐन कार्यान्वयनमा आफूहरूको सहभागिता टुंगो गर्न सरकारलाई दबाब बढाएका छन् । उनीहरूले मुख्यतः टिआरसीसम्बन्धी ऐन कार्यान्वयनमा गएपछि बन्ने आयोग, शान्ति कोष तथा अन्य निकायमा पीडितको सहभागिता हुनुपर्ने गृहमन्त्री रमेश लेखकसँग माग गरेका छन् ।

आयोग निष्पक्ष, स्वतन्त्र र पीडितमैत्री बन्नुपर्ने पनि उनीहरूको धारणा छ । गम्भीर मानवअधिकार उल्लंघनका पीडितहरूको राष्ट्रिय सञ्जालले शनिबार काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा द्वन्द्वमा बलात्कार पीडित महिलाको राष्ट्रिय सञ्जालकी संयोजक देवी खड्काले ऐन पास भएको भोलिपल्टै पीडितको तर्फबाट सुझाव प्रस्तुत गर्ने जानकारी दिइन् । उनका अनुसार देशभरका पीडितहरूले लामो छलफलपछि सुझाव तयार पारेको छ । त्यसकारण ऐन कार्यान्वयनका लागि सञ्जालले सुझाव दिन लागेको छ । उनले द्वन्द्वमा बलात्कार पीडित महिलाको दृष्टिकोणबाट हेर्दा टिआरसीमा अहिले भएको सहमति स्वागतयोग्य रहेको बताएकी छन् ।

उनले भनिन्, 'संसारमा परिवर्तन सतप्रतिशत कहिल्यै हुँदैन, ७५ प्रतिशतबाट अगाडि बढ्यो भने त्यसलाई सकारात्मकरूपमा हेर्नुपर्छ । हामी पीडितको तर्फबाट हेर्दा यो एकदमै राम्रो छ । स्वागतयोग्य छ । यसको कार्यान्वयनका लागि हामी सहयोग गर्न तयार छौं ।'

२०७९ को निर्वाचनपछि बनेको कानुन समितिसमक्ष आफूहरूले पीडितको तर्फबाट राखेको पाँचवटा मागमध्ये लगभग सबै विषय समेटिएको खड्काले बताइन् । उनले द्वन्द्वको समयमा भएका कतिपय बलात्कारका घटनामा पीडकलाई सजाय कम हुन लागेको हो ? भन्दै गृहमन्त्रीलाई प्रश्नसमेत गरिन् । 'बाहिर हल्ला चलेको छ, बन्दुक बोकेका महिला बलात्कारमा परेको हो भने पीडकलाई कारबाही नहुने भनेको हो र ?,' खड्काको प्रश्न छ ।

(क्रमशः पृष्ठ २ मा)

हामी पीडितको तर्फबाट हेर्दा टिआरसी विधेयक एकदमै राम्रो छ । स्वागतयोग्य छ । यसको कार्यान्वयनका लागि हामी सहयोग गर्न तयार छौं ।

देवी खड्का
संयोजक, द्वन्द्वमा बलात्कार पीडित महिलाको राष्ट्रिय सञ्जाल

तपाईंहरूलाई साँच्चै अहिलेको विधेयक ठीक छ भन्ने लाग्छ भने यो कुरा धेरैभन्दा धेरै पीडितसमक्ष पुऱ्याएर संवाद गराएर सबै पीडितलाई एकै ठाउँमा ल्याउने काम गर्नूस् ।

रमेश लेखक
गृहमन्त्री

माओवादी केन्द्रको सदावहार एजेण्डा 'बृहत् वाम एकता'

- स्थायी कमिटी बैठकमा माओवादी अध्यक्ष दाहालद्वारा बृहत् वाम एकताको प्रस्ताव
- पूर्वमाओवादी घटकसँग सुरूमा एकता गर्ने प्रक्रियामा दाहाल
- एमालेसँग तत्काल एकता असम्भव

जेबी योञ्जन

काठमाडौं– प्रमुख प्रतिपक्षी दलको हैसियतमा पुगेपछि नेकपा माओवादी केन्द्रले बृहत् वामपन्थी एकताको वकालत गरेको छ । पूर्वमाओवादी घटकहरूसँग मात्रै एकता प्रक्रिया अघि बढाएको अवस्थाबीच माओवादीमा सबै वामपन्थी धाराका शक्तिहरूलाई एकता प्रक्रियामा ल्याउनुपर्ने मत प्रकट भएको हो । यद्यपि, माओवादी केन्द्रमा यो नयाँ एजेण्डा भने होइन । उसले यो एजेण्डा निरन्तर उठाउँदै आएको भए पनि व्यवहारमा कार्यान्वयन गर्न सकिरहेको छैन । जसले गर्दा यो माओवादीको सदावहार एजेण्डाजस्तै बनेको छ ।

माओवादीले निकट भविष्यमै एकता गर्न लागेको नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)सँग हो । महेन्द्र राय यादव नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा)सँग पनि एकता गर्न लागेको छ । मोहन वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालबाट अलग भएका नेता धर्मेन्द्र बास्तोला समूहलाई पनि एकता प्रक्रियामा जोड्न लागेको छ । यी तीन पूर्वमाओवादी घटकलाई पार्टीमा भित्र्याउनै लागेको बेला बसेको स्थायी कमिटी बैठकमा बृहत् वामपन्थी एकताको बहस चलेको हो ।

'पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको पार्टीको स्थायी समितिको बैठकमा पार्टी अध्यक्षले बृहत् वामपन्थी एकताका लागि पहल गर्ने र स्पष्ट कार्यदिशाका साथ जनतामा जाने प्रस्ताव राख्नुभएको छ । त्यसउपर छलफल हुन्छ,' उपाध्यक्षसमेत रहेका माओवादी प्रवक्ता अग्निप्रसाद सापकोटाले भने ।

माओवादीले यसअघि नै माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीलाई पनि एकता प्रक्रियामा ल्याउने तयारी गरेको थियो । त्यसका लागि उपाध्यक्ष कृष्णबहादुर महराको नेतृत्वमा कार्यदल गठन भइसकेको छ । कार्यदलले पार्टीको नाम नै परिवर्तन गरेर भए पनि एकताका ढोका खोल्नुपर्ने मत प्रकट गरेको थियो । उता नेपाल नेतृत्वको दलले पनि पार्टी उपाध्यक्ष डा. बेदुराम भुसाल नेतृत्वमा कार्यदल गठन गरेको थियो । दुई पार्टीको कार्यदल तहमा वार्ता पनि भयो । तर, एकता प्रक्रियालाई तार्किक निष्कर्षमा पुग्नेगरी छलफल भएको छैन ।

तत्कालीन नेकपामा एक जना अध्यक्ष केपी शर्मा ओलीविरुद्ध अर्का अध्यक्ष दाहालसँगै नेपाल र झलनाथ खनाल एक ठाउँमा उभिएर अन्तरसंघर्ष गरेका थिए । नेकपा विघटनपछि पनि एमालेमा नेपाल भए पनि दाहालसँग सडकदेखि सत्तासम्मै सहकार्य गरे । यी आधारहरूले दुई दलबीच एकता हुने छाँट रहेको माओवादी उपाध्यक्ष सापकोटाले बताए । तर, एकता हुने सम्भावना तत्काल भने देखिएको छैन ।

(क्रमशः पृष्ठ २ मा)

सडक तताउन दबाब

माओवादी केन्द्रको जारी स्थायी कमिटी बैठकमा नेताहरूले संसद्मा सडकका मुद्दा प्रभावकारीरूपमा उठाउनुपर्नेमा जोड दिएका छन् । त्यसका लागि आन्दोलनका स्वरूप तय गरेर नयाँ ढंगबाट जनतामा जानुपर्ने विषयमासमेत छलफल सुरु भएको छ । यस्तो प्रस्ताव पार्टी अध्यक्ष पुष्पकमल दाहालले गरेका हुन् । सोहीअनुसार अघि बढ्न उनले निर्देशनसमेत दिए । उनले बैठकमा वैचारिक, सांगठनिक, राजनीतिक र परिस्थितिकीय कार्यभारको बारेमासमेत धारणा राखेका थिए ।

सन्दर्भः वैदेशिक रोजगार

इजरायलमा बढ्दो तनावकाबीच नेपाली श्रमिकको आकर्षण

प्रभाव संवाददाता

काठमाडौं– इजरायलले प्यालेस्टिनी लडाकु समूह हमासमाथिविरुद्ध गाजा क्षेत्रमा जारी राखेको आक्रमणले मध्यपूर्वमा द्वन्द्व थप चर्काउने त्रास बढाएको छ । गत वर्ष (सन् २०२३) अक्टोबरमा हमासले इजरायलमा आक्रमण गरेपछि सुरु भएको युद्धको त्रास झन् बढ्दै गएको छ । केही दिनयता इजरायल र लेबनानका हिजबुल्लाह समूह तथा इजरायल र इरानबीचको तनाब बढ्दो छ । विवाद बढ्दै जाँदा इजरायललगायत नेपाली श्रम गन्तव्य मुलुकमा पनि युद्धको त्रास बढेको छ । नेपालीहरूले रोजगारीको अवसर गुमानुपर्ने हो कि भन्ने चिन्ता पनि बढेको छ ।

यद्यपि, वैदेशिक रोजगारीका लागि आकर्षक मानिएको इजरायलमा सरोकारवालाहरूले चिन्ता गरेजस्तो देखिएको छैन । तनाव बढिरहेकै बेला युद्धरत मुलुक इजरायलमा रोजगारीका लागि जान नेपालीहरूको आकर्षण देखिएको छ । पछिल्लो समय इजरायलमा रोजगारीका लागि नेपालीको संख्या बढ्दै गएको विभिन्न अध्ययनले पनि देखाएको छ ।

सरकारले जिटुजी सम्झौता गर्नुअघि विभिन्न माध्यमबाट इजरायल पुगेर रोजगारी गरिरहेको नेपालीको संख्या पनि ठूलै छ । यतिबेला त्यहाँ कार्यरत नेपाली कामदारको सुरक्षा चासो बढेको छ ।

वैदेशिक रोजगारीका लागि आकर्षक मानिएको इजरायलमा सरोकारवालाहरूले चिन्ता गरेजस्तो देखिएको छैन । तनाव बढिरहेकै बेला युद्धरत मुलुक इजरायलमा रोजगारीका लागि जान नेपालीहरूको आकर्षण देखिएको छ । पछिल्लो समय इजरायलमा रोजगारीका लागि नेपालीको संख्या बढ्दै गएको विभिन्न अध्ययनले पनि देखाएको छ ।

केही समययता इजरायल र लेबनान तथा इरानबीच तनाव बढ्न थालेपछि परराष्ट्र मन्त्रालयले नेपाली कामदारलाई सचेत हुन अनुरोध गरेको छ ।

इजरायल आकर्षक गन्तव्य मुलुकमध्ये एक हो । त्यहाँ दीर्घकालीन स्याहार केन्द्रमा काम गर्न सहायक कामदार (केयरगिभरको) ठूलो माग छ । इजरायलमा भइरहेको तनाव र सम्भावित युद्धको त्रासकाबीच पनि केयरगिभरमा नेपाली कामदार जान छाडेका छैनन् । हमासले आक्रमण गरेपछि केही समय स्थगित भएको इजरायलमा पुनः नेपालीहरूलाई केयरगिभरमा पठाइरहेको छ ।

वैदेशिक रोजगार विभागका अनुसार गत आर्थिक वर्षमा एक हजार पाँच जना रोजगारीका लागि इजरायल पुगेका छन् । पहिलो चरणमा माग भएको कोटा पूरा भएको भन्दै इजरायलले फेरि दुई हजार नेपाली केयरगिभरको माग गरेको छ । जसमा एक हजार मुख्य उम्मेदवार र एक हजार वैकल्पिक उम्मेदवार हुने बताइएको छ । इजरायलले केयरगिभरमा मात्र नभई अन्य क्षेत्रमा पनि नेपाली कामदारको माग गरिरहेको सरकारी अधिकारीहरूले बताउँदै आएका छन् ।

यद्यपि, यतिखेर इजरायलले माग गरेको कोटाअनुसार नेपाल सरकारले केयरगिभरमा कामदार पठाउने प्रक्रिया अघि बढाइसकेको छ । चार हजारभन्दा बढी आवेदन परेकोमा तीन हजार ४६१ आवेदन स्वीकृत भएको छ । नेमचेकका लागि विभागले इजरायलको आधिकारिक निकाय पिवालाई पठाइसकेको छ । पिवाले लोटरीमार्फत छनोट गरेको आधारमा दुई हजार नेपाली कामदार इजरायल जाने प्रक्रिया सुरु हुने छ । यतिखेर विभाग पिवाले पठाउने सूचीको पर्खाइमा छ । हाल इजरायलमा हाल चार हजार ५०० नेपाली कार्यरत रहेको परराष्ट्र मन्त्रालयको तथ्यांकले देखाएको छ ।

इजरायलमा जारी तनाव र सम्भावित युद्धको त्रास फैलिरहँदा पनि नेपालीहरूको आकर्षण बढ्नुमा विभिन्न कारण रहेको श्रम तथा आप्रवासनविज्ञ रामेश्वर नेपालले बताए । एउटा राम्रो श्रम गन्तव्य भएकाले आकर्षक रोजगारीको अवसर देखेर इजरायलमा नेपालीहरूको आकर्षण बढेको उनको भनाइ छ ।

(क्रमशः पृष्ठ २ मा)



जनहितमा जारी सन्देश

डेंगी

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरू: उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरू, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरू आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

डेंगीबाट बच्ने उपायहरू

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

डेंगु र हैजाका संक्रमित बढे

काठमाडौं (प्रस)– पछिल्लो समय डेंगु र हैजाका संक्रमितको संख्यामा वृद्धि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार डेंगु संक्रमितको संख्यामा तीन हजार ८४ जना पुगेको छ। चार दिनयता ७२२ जना डेंगु संक्रमित थपिएका हुन् । यही साउन २१ गते दुई हजार ३६५ जनामा डेंगु पुष्टि भएको थियो । यो संख्या शुक्रबारसम्म तीन हजार ८४ रहेको महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले जानकारी दिए ।

उनका अनुसार मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेंगु संक्रमण फैलिएको छ । सबभन्दा बढी डेंगु तनहुँमा ५८३ जनामा देखिएको छ । काठमाडौं जिल्लामा ३०७, कास्कीमा १६६ र झापा १३५ जना डेंगु संक्रमित देखिएका छन् ।

स्वास्थ्य मन्त्रालयले डेंगु संक्रमितको संख्या बढेपछि हरेक शुक्रबार सरकारी तथा गैरसरकारी कार्यालयमा र अस्पताल परिसरमा सरसफाइ गर्नुका साथै ‘लामखुट्टे खोज र नष्ट गर’ अभियान सञ्चालन गर्न आग्रह गरेको छ । ‘सरकारी अस्पतालमा डेंगु रोगका बिरामीको उपचार खर्च सरकारले व्यहोर्ने निर्णय गरेको छ ।

४७ मा हैजा पुष्टि

यस्तै महाशाखाका अनुसार हैजाका बिरामीका संख्या ४७ पुगेका छन् । किटजन्य रोग शाखाका प्रमुख डा. दाहालले ललितपुर, काठमाडौं, प्यूठान, कैलाली र रूपन्देहीमा हैजाका बिरामी देखिएका बताए । उनका अनुसार ललितपुरमा ३४, काठमाडौंमा दुई, कैलालीमा आठ , प्यूठानमा दुई र रूपन्देहीमा एक जनामा हैजा पुष्टि भएको छ ।

दलित समुदायको समानुपातिक प्रतिनिधित्व माग

काठमाडौं (प्रस)– सरकार निर्माण तथा राजनीतिक नियुक्तिमा दलित समुदायको समानुपातिक समावेशी प्रतिनिधित्वको माग गर्दै शनिबार माइतीघर मण्डलमा प्रदर्शन गरिएको छ। दलितका लागि दलित अभियान नेपालले आयोजना गरेको प्रदर्शनमा सहभागीहरूले राज्यका हरेक निकायमा प्रतिनिधित्वको माग गरे ।

प्रदर्शनमा सहभागीले फलामे साङ्लो (जञ्जिर) मा बाँधिएर दलितलाई मन्त्री खै ? दलितलाई कानुन खै ? दलितलाई नियुक्ति खै ? जस्ता प्रश्न लेखिएका प्लेकार्डसहित प्रदर्शन गरेका थिए । अभियानका संयोजक खगेन्द्र सुनारले राज्यका हरेक संरचनामा दलित समुदायको सम्मानजनक सहभागिता हुनुपर्ने मागसहित प्रदर्शन गरिएको बताए ।

प्रदर्शनमा ऐक्यबद्धता जनाउन डा. गोविन्द केसी, अधिकारकर्मी कमला हेम्चुरीलगायत नागरिक समाजका प्रतिनिधिहरू माइतीघर पुगेका थिए ।

उपभोक्ता आन्दोलनमा ऐक्यवद्ध हुन महासंघको अपिल

काठमाडौं (प्रस)– नेपाली उपभोक्ता संरक्षण महासंघ (एफएनसिपी)ले उपभोक्ताको अधिकारलाई कानुनीरूपमा स्थापित गर्न उपभोक्ता आन्दोलनमा ऐक्यवद्ध हुन अपिल गरेको छ । महासंघको तेस्रो स्थापना दिवसको अवसरमा शनिबार अध्यक्ष चन्द्र साउदले विज्ञप्ति जारी गर्दै उक्त अपिल गरेका हुन् ।

‘नेपालमा उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भएर उपभोक्ताको अधिकारलाई कानुनीरूपमा स्थापित गर्ने पुनित प्रयास भएको भए पनि व्यावहारिकरूपमा कार्यान्वयन हुन सकेको छैन,’ विज्ञप्तिमा भनिएको छ, ‘उपभोक्ताले स्वास्थ्य, शिक्षा, खाद्यन्नलगायत गुणस्तरीय सेवा र वस्तु प्राप्त गर्ने कुरा नेपालको संविधानको धारा ४४ ले मौलिक हकको रूपमा स्थापित गरेको छ ।’

कालोबजारी, भ्रष्टाचार, कुशासन, गुणस्तरहीन सेवा अखाद्य विषादीलगायतका कारण आमउपभोक्ता स्वस्थ खाना, निःशुल्क स्वास्थ्य, शिक्षा, न्याय र स्वच्छ प्रतिस्पर्धा गर्न पाउने संवैधानिक अधिकारबाट वञ्चित रहेको महासंघले जनाएको छ । ‘बृहत्तर उपभोक्ताको हितका लागि महासंघमा एकबद्ध हुन र नेपालको उपभोक्ता आन्दोलनमा ऐक्यवद्धता जाहेर गर्न हार्दिक अपिल गर्दछ,’ विज्ञप्तिमा अपिल गरिएको छ ।

पृष्ठ १ बाट क्रमशः

माओवादी केन्द्रको....

चुनावअघि भने पूर्वमाओवादी नेतासमेत रहेका जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव पनि नाम फेराएर माओवादीसँग एकता प्रक्रियामा आउने अवस्थामा थिए । राजनीतिक समीकरणमा भएको उथलपुथलले माओवादीसँग जसपा नेपालको एकता तत्कालका लागि टरेको बताइन्छ ।

माओवादी केन्द्रका केन्द्रीय सदस्य रञ्जित तामाङका अनुसार माओवादी, जसपा नेपाल, एकीकृत समाजवादी र नेकपा मिलेर समाजवादी मोर्चा बनाउनुको अर्थ पनि पार्टी एकतासँग जोडिएको थियो । हाल भने यी सबै दल माओवादी अध्यक्ष दाहालले भनेजसरी एकैसाथ एकता प्रक्रियामा अघि बढ्ने सम्भावना देखिएको छैन ।

प्रमुख वामपन्थी शक्ति नेकपा एमाले भने तत्काल बृहत् वामपन्थी एकताको पक्षमा नखुल्ने भएको छ । बरु, आफ्नो पार्टीमा साना वामपन्थी दलहरूलाई विलय गराउन एमालेले चाहेको छ । माओवादी अध्यक्ष दाहालले भन्दै आएको बृहत् वाम एकतालाई एमालेले हाँसोको रूपमा लिएको छ ।

‘पार्टी एकता भनेको दुई दलले हामी मिल्यौं भन्दा हुने होइन । सैद्धान्तिक, राजनीतिक, वैचारिक कार्यदिशा मिल्ने स्थितिमा एकता हुने हो । कुनै लहडमा एकता हुन सक्दैन,’ एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले भनिन्, ‘मुखको स्वादका लागि प्रचण्ड कमरेडले भनेको बृहत् वाम एकता ठीक हो तर प्राविधिक पक्ष मिलाउन गाह्रो हुन्छ ।’

निर्वाचन आयोगले अद्यावधिक गरेको राजनीतिक दलसम्बन्धी विवरणअनुसार नेपालमा कम्युनिस्ट पार्टी नाम गरेका २० भन्दा बढी दल छन् । जनमत पनि २०६४ पछि नेपालमा कम्युनिस्टको पक्षमा ६० प्रतिशतभन्दा बढी छ । तर, सानो पसल थापेर व्यापारी बसेजसरी कम्युनिस्ट नेताहरू त्यसरी बसेका छन् । कुनै दलसँग त नेता छन्, कार्यकर्ता छैनन् । यस्तो संकटकालीन अवस्थाको सामना गरेका सबै कम्युनिस्ट शक्तिलाई माओवादी अध्यक्ष दाहालले एकता प्रक्रियामा लानुपर्ने प्रस्तावलाई अघि सारेका हुन् ।

दाहालले माओवादी पार्टीभित्र व्यापकरूपमा शुद्धीकरणको अभियान चलाउने प्रस्ताव अघि सारेका छन् । पार्टीलाई सुदृढ पार्न शुद्धीकरणलाई दाहालले प्राथमिकता दिएका छन् । उपाध्यक्ष सापकोटाले अध्यक्ष दाहालले पछिल्लो राजनीतिक अवस्था, पार्टीले आगामी दिनमा लिने कार्यदिशा, विचार निर्माणलगायत विषयमा आफ्नो विचार राखेको पनि जानकारी दिए ।

अध्यक्ष दाहालको प्रस्तावमाथि वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपाध्यक्ष सापकोटा, उपमहासचिवद्वय जनार्दन शर्मा र वर्षमान पुनले मन्तव्य राखेका छन् । बैठकमा नेताहरू परशुराम तामाङ, सुरेन्द्र कार्की, गणेशमान पुन, कुलप्रसाद केसी, गणेश साह, देवेन्द्र पौडेल, अमृता थापामगर, चक्रपाणि खनालले पार्टीको कार्यदिशा र भावी रणनीतिका बारेमा विचार व्यक्त गरेका थिए ।

पार्टीको आठौं महाधिवेशनले विचारको संश्लेषण गरेको बैठकको ठहर पनि छ । आगामी दिनमा विगतका सबै काम कारबाहीको थप संश्लेषण गरिने सापकोटाले बताए ।

●●●

टिआरसीमा पीडितपक्षको...

गृहमन्त्री रमेश लेखकले संक्रमणकालीन न्यायको काम अब नरोकिने बताए । उनले यो विषय टुंग्याउन अब धेरै अलमल गर्न नहुने धारणा राखे । सरकार ऐन कार्यान्वयनका लागि गम्भीर रहेको भन्दै यसमा सघाउन पीडितहरूलाई गृहमन्त्री लेखकको आग्रह छ ।

‘तपाईंहरूलाई साँच्चै अहिलेको विधेयक ठीक छ भन्ने लाग्छ भने यो कुरा धेरैभन्दा धेरै पीडितसमक्ष पुऱ्याएर संवाद गराएर सबै पीडितलाई एकै ठाउँमा ल्याउने काम गर्नुस्, यसको कार्यान्वयनमा चुनौती छ, सबै एक भएर जान सकियो भने सफल हुन्छ । तर, कसैको कुरा के, कसैको कुरा के हुन थाल्यो भने, अहिलेको प्रक्रिया बिथोलियो भने अरू १० वर्ष लाग्छ,’ गृहमन्त्री लेखकले भने ।

उनले सरोकारवाला सबै निकायको चासो हेर्दा संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा यो भन्दा धेरै राम्रो गर्न नसकिने उनले बताए । खड्काको जवाफ दिँदै द्वन्द्वकालका बलात्कार घटनाका दोषीलाई सजायमा कुनै छुट नहुनेसमेत प्रस्ट पारे ।

लेखकले भने, ‘जबर्जस्ती करणी भएको, बलात्कार भएको या गम्भीर प्रकृतिको यौनजन्य हिंसाका बारेमा वास्तवमा हामीले पहिले अलि फरक-फरक ढंगले लेख्दै आएका थियौं, तर पछिल्लो समयमा आएर के निष्कर्षमा पुग्यौं भन्दा बलात्कार भनेको बलात्कार हो, त्यसमा कुनै पनि खालको अवस्थाले छुट हुँदैन ।’

हालै संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिबाट टिआरसी विधेयक पारित भएको छ । यो विधेयक प्रतिनिधिसभाबाट यही २९ साउनमा पारित भए झण्डै १८ वर्षपछि नेपालको शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुग्ने छ ।

●●●

इजरायलमा बढ्दो...

‘वैदेशिक रोजगारीमा जानु नेपालीहरूको बाध्यता हो, सामान्य नागरिकलाई विदेश नगई अर्थोपार्जन हुने अवस्था छैन,’ उनले भने, ‘बाध्यकारी अवस्थाका कारण धेरै नेपाली वैदेशिक रोजगारीमा धकेलिएका छन्, त्यसमाथि राम्रो कमाइ हुने मुलुकमा आकर्षण बढ्ने नै भयो ।’

जिटुजी सम्झौताअनुसार मलेसिया तथा खाडी मुलुकको तुलनामा राम्रो आम्दानीको ग्यारेन्टी भएकाले इजरायलप्रति नेपालीहरूको आकर्षण बढ्नु अर्को कारण भएको आप्रवासनविज्ञ नेपाल बताउँछन् ।

‘मलेसिया र खाडीको तुलनामा इजरायलमा चार गुणासम्म आम्दानी हुन्छ,’ उनले भने, ‘सम्भावित युद्धको त्रास सबैलाई छ तर नेपाल सरकारले नै जाऊ भन्दै आवेदन माग गरेको छ, यस्तो अवस्थामा रोकिने कुरा पनि भएन ।’ इजरायल जान खोज्नु बाध्यताको उपज नै रहेको नेपालको निष्कर्ष छ । ‘वैदेशिक रोजगारमा जानुपर्ने बाध्यता छ, त्यसमाथि आकर्षक आम्दानीको अवसर छ, यस्तो अवस्थामा जे पर्ला पर्ला भनेर जोखिम उठाउनेको संख्या ठूलो छ,’ उनले भने ।

मोटरसाइकल हराएको सूचना

मिति २०८१।०४।०९ गते भक्तपुर मध्यपुर थिमी न.पा.वडा नं. ८ बोडे चोकबाट मुलपानीतर्फ जाने पेटीमा पार्किङ गरी राखेकोमा अन्दाजी साँझको ६:३० बजेको समयमा निलो, कालो रङ्को 220 CC पल्सर मोटर साइकल हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी दिनु हुन बिनम्र अनुरोध गर्दछु ।

कम्पनीको नाम : Hulash Finserv Hire Purchase Limited
ऋणीको नाम : भुवन तामाङ
बाइक नं. : बा.प्र. ०३-०४८ प.१३२०
च्यासिस नं. : MD2A13EX5NCM 8 082
इन्जिन नं. : DKXCNM 39456
ठेगाना : मध्यपुर थिमी न.पा. ८, भक्तपुर
सम्पर्क : ९८६२९०६५६४

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८१/०४/२७

यस कम्पनीको मिति २०८१/०४/१७ मा सम्पन्न विशेष/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **वेष्टर्न विद्या निकेतन प्रा.लि. (प्रा.लि. नं. १७३७३६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०४/२३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **वेष्टर्न कलेज अफ विजनेश स्टडिज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८१/०४/२७

यस कम्पनीको मिति २०८१/०३/११ मा सम्पन्न विशेष/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **अनार भुपेन्द्रनाथ हस्पीटल प्रा.लि. (प्रा.लि. नं. ९३८३७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०४/१८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **अनार भुवनेश्वर हस्पीटल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

साउदीमा रोजगार

कम्पनी : Nelt Company
शहर : Riyadh

पूर्व स्वीकृति मिति २०८१/०४/२५ LT. No. 308685 चलानी नं. ६०२२३३८९

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	GAS STATION ATTENDANT	5	0	1000	३५,७८७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : Southern rock contracting Est. शहर : Arabia, Eastern province, Jubail

पूर्व स्वीकृति मिति २०८१/०४/२५ LT. No. 308686 चलानी नं. ६०२२३३९०

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	Office Boy	1	0	1000	३५,७८७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २ गते (18th Aug. 2024) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५०० /- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०
AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

आजको राशिफल

आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

आइतबार, २७ साउन, २०८१

मेष	आत्माविश्वासको कमीले काममा पछि परिने ।
वृष	काममा प्रतिस्पर्धा बढ्न सक्छ ।
मिथुन	अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ ।
कर्कट	मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ ।
सिंह	हडबड गर्नाले काममा बाधा पुग्ने ।
कन्या	व्यस्तताले शरीर कमजोरीको अनुभूति हुने ।
तुला	मिहिनेतले उपलब्धि हासिल हुने ।
वृश्चिक	स्वास्थ्यमा ध्यान पुऱ्याउनु पर्नेछ ।
धनु	विछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट ।
मकर	टाढाको यात्राको सम्भावना हुनेछ ।
कुम्भ	सेवामुलक कामबाट धनलाभ प्राप्त हुने ।
मीन	धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला पहरी भक्तपुर)	६६१४८२१
आकस्मिक पहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
वालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस् अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६/६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं)	४२५५५४०/४२५५५४१
भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा	६६१२२६६
नेसनल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३१५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

२७ साउन, २०८१ (११ अगस्ट, २०२४)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपैयाँ	१०० को	१६०।००	१६०।१५
अमेरिकी डलर	१ को	१३३.६७	१३४.२७
युरो	१ को	१४४.७५	१४५.४०
पाउन्ड स्टिर्लङ	१ को	१७१.६५	१७२.४२
स्विस फ्रैन्क	१ को	१५१.०७	१५१.७५
अस्ट्रेलियन डलर	१ को	८७.५३	८७.९२
क्यानाडियन डलर	१ को	९६.५७	९७.००
सिँगापुर डलर	१ को	९९.४६	९९.९१
जापानी येन	१० को	८.६९	८.७३
चिनियाँ युआन	१ को	१८.४२	१८.५०
साउदी अरब रियाल	१ को	३५.६३	३५.७९
कतारी रियाल	१ को	३६.६६	३६.८२
थाई भाट	१ को	३.७२	३.७३
संयुक्त अरब इमिरेट दिराम	१ को	३६.३९	३६.५६
मलेसियन रिङेट	१ को	२८.८१	२८.९४
दक्षिण कोरियन वन	१०० को	९.६६	९.७१
स्विडिस क्रोनर	१ को	१२.३६	१२.४२
डेनिस क्रोनर	१ को	१९.४०	१९.४९
हङकङ डलर	१ को	१७.११	१७.१९
कुवेती दिनार	१ को	४३७.१६	४३९.१२
बहराइन दिनार	१ को	३५४.६०	३५६.२०

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

खुल्लामञ्चको स्तरोन्नति | काठमाडौंको खुल्लामञ्च स्तरोन्नति गर्नेक्रममा माटो सम्याउँदै काठमाडौं महानगरपालिकाको डोजर ।

तस्बिरः प्रदीपराज वन्त/रासस

‘नेपाल प्रहरी बौद्धिक क्षेत्रमा पनि सक्षम छ’

काठमाडौं (प्रस)– प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले नेपाल प्रहरी कानुन कार्यान्वयनमा मात्रै नभई बौद्धिक क्षेत्रमा पनि त्यत्तिकै सक्षम रहेको बताएका छन् । नेपाल पुलिस क्लब भृकुटीमण्डपमा शनिबार प्रहरी उपरीक्षक नवीनकिशोर प्रधानद्वारा लिखित ‘सादृश्य विम्ब’ कथासंग्रह र ‘लेखान्त’ नाटक लोकार्पण कार्यक्रमलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक कुँवरले साहित्य लेखन कठिन परिश्रम गर्नुपर्ने क्षेत्र भएको बताए ।

साहित्यमा ज्ञान र क्षमताको साथै धैर्यताको पनि निकै आवश्यकता पर्ने बताउँदै उनले आमजनमानसमा रहेको प्रहरीप्रतिको लाठी र बन्दुकमात्र बोक्ने भन्ने परम्परागत बुझाइलाई चिर्न यस कृति प्रशंसनीय रहेको उल्लेख गरे । अहिलेको विद्यमान परिवेशमा प्रहरीको कार्यक्षेत्र शान्ति सुरक्षा अमनचयन कायम गर्ने, अपराध न्यूनीकरण र अनुसन्धान गर्ने तथा विविध प्रहरी कार्यद्वारा सुरक्षाको प्रत्याभूति प्रदान गर्नुका साथै प्रहरीमा बहुआयामिक प्रतिभासमेत हुन्छ भन्ने तथ्य नाटक तथा कथासंग्रहको लोकार्पणले प्रस्फुटित गरेको महानिरीक्षक कुँवरले उल्लेख गरे ।

वंश परम्परासम्बन्धी मोह, सामाजिक रूपान्तरण, नयाँ र पुरानो पुस्ताबीचको मानसिक मतभेदजस्ता सामाजिक विषयवस्तु समेटिएको लेखान्त नाटक तथा हालको सामाजिक एवं राजनीतिक वस्तुस्थितिमा आधारित ‘सादृश्य विम्ब’ सामाजका विविध पक्षहरूलाई उजागर गर्दै उनले नयाँ दृष्टिकोण प्रदान गर्ने र पाठकहरूको मन मस्तिष्कमा दीर्घकालीन प्रभाव पार्ने साहित्यिक सिर्जनका रूपमा रहने अपेक्षा लिएको बताए । उक्त अवसरमा प्राज्ञ डा. मधुसुदन गिरीले ‘सादृश्य विम्ब’ कथासंग्रह र डा. भक्त राईले ‘लेखान्त’ नाटक कृतिको समीक्षा गर्दै कृतिमा समेटिएका विषयवस्तु एवं लेखकको लेखन कौशलताका बारेमा चर्चा गरेका थिए ।

गण्डकीका गाउँबस्ती छिचोल्दै सडक

■ रामबहादुर थापा/सन्तोष गौतम



गण्डकी– केही वर्षअघिसम्म सबेरै उठेर डोकामा तरकारी बेच्न म्याग्दीको बेनीबजार झर्ने पर्वतका कृष्णप्रसाद आचार्यको दैनिकी अहिले फेरिएको छ । मिलनचोक-सल्यान सडक कालोपत्र भएपछि डोकोमा तरकारी बोकेर बेच्न बजार धाउनुपर्ने बाध्यता हटेको आचार्यले बताए । उनीलगायत तरकारी र बीउ उब्जाउने जलजला गाउँपालिका-७ सल्यानका किसानलाई सडकले सहज बनाएको हो । ‘व्यापारीले फोनबाटै तरकारी मगाउँछन्, हामीले गाडीमा पठाउँछौं, खातामा पैसा आउँछ,’ उनले भने, ‘पहिलेझैं दुःख र झन्झट छैन, तरकारी फलाउन सके बजारको पनि समस्या छैन ।’

ताराखोला गाउँपालिका-१ माझखर्कका खर्कबहादुर घर्तीमगरलाई घरायसी सामान किन्न दुई दिन खर्चेर बागलुङबजार आउनुपर्ने बाध्यता अहिले छैन । ‘जेठ महिनामै नुनतेल, दाल, चामलजस्ता दैनिक उपभोग्य सामान किनेर बर्खाको लागि जोहो गर्नुपर्थ्यो,’ ६५ वर्षीय उनले भने, ‘अहिले गाउँमा पक्की मोटरबाटो आएको छ, बागलुङ बजारबाट दुई घण्टामै घर फर्कन सकिन्छ ।’ सडक सुविधा पुगेपछि आलु, भाँगो, च्याउ, गेडागुडीलगायत ताराखोलाको स्थानीय उत्पादनको बजारीकरणमा पनि सहजता थपिएको छ । म्याग्दीको मंगला गाउँपालिका-२ बाबियाचौरका बासिन्दालाई चार वर्षअघिसम्म सदरमुकाम बेनीबजार आउन दुई घण्टा लाग्थ्यो । बेनी-बाबियाचौर १५ किलोमिटर सडक यसै वर्ष कालोपत्र भएपछि दुई घण्टाको यात्रा ३० मिनेटमा छोटिएको छ ।

सडक कालोपत्र भएपछि हिउँदमा धुलो र बर्खामा हिलोको समस्याबाट सर्वसाधारण यात्रुले मुक्ति पाएको स्थानीयवासी यामबहादुर थापाले बताए । संघ, प्रदेश सरकार र स्थानीय तहले पूर्वाधार विकासतर्फ सडक विस्तार तथा स्तरोन्नतिलाई मुख्य प्राथमिकतामा राखेपछि गण्डकीका गाउँबस्ती सडक सञ्जालले छिचोलेको हो । गण्डकी प्रदेशको गौरवको आयोजनाका रूपमा रहेको शालिग्राम कोरिडोरले गाउँको मुहार नै फेरिएको तनहुँको ऋषिङ गाउँपालिका पुनटारका भीमबहादुर श्रेष्ठले बताए । ‘सडक सञ्जालमा जोडिएपछि नयाँ बस्ती विकास हुने क्रम पनि बढ्दो छ, जग्गाको भाउ बढ्न थालेको छ,’ उनले भने ।

किसानको उत्पादन बजार पुर्‍याउनदेखि बिरामीलाई बेलैमा अस्पताल लैजानेसम्मका काममा ग्रामीण सडक बरदान सावित भएको श्रेष्ठको भनाइ छ । वैकल्पिक सडकको प्रयोगसँगै ठूला राजमार्गहरूमा सवारी चाप घटाउन सहयोग पुगेको छ । सहज आवातजावत, कृषि उपजको बजारीकरण, पर्यटन प्रवर्द्धन आदिका लागि सडक आयोजनाहरू प्रभावकारी बनेका गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका सचिव शंकरप्रसाद पण्डितले बताए ।

‘राष्ट्रिय राजमार्गका वैकल्पिक, एक निर्वाचन क्षेत्र-एक सडक, स्थानीय तहको केन्द्र जोड्ने, अन्तरजिल्ला, अन्तरपालिका जोड्ने रणनीतिक महत्त्वका सडक गौरवका आयोजनाका रूपमा कार्यान्वयनमा छन्,’ उनले भने, ‘प्रदेश सरकार स्थापना भएपछि सुरु भएका पूर्वाधार आयोजना सम्पन्न हुन थालेसँगै सर्वसाधारण नागरिकले विकासको अनुभूति गर्न थालेका छन् ।’

१६ सय किलोमिटर सडक स्तरोन्नति

प्रदेश सरकार स्थापना भएको सात वर्षको अवधिमा गण्डकीमा १६ सय किलोमिटर सडक स्तरोन्नति गरिएको छ । गण्डकीमा प्रतिवर्ष २२८ किलोमिटरका दरले सडक स्तरोन्नति र १५ वटाका दरले पक्की पुल निर्माण भएको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले जनाएको छ । सडक पूर्वाधार निर्माणमा प्रदेश सरकारले ९० अर्ब रूपैयाँभन्दा बढी खर्च गरेको मन्त्रालयका सचिव पण्डितले जानकारी दिए ।

नौ सय एक किलोमिटर सडक कालोपत्र, ६९६ किलोमिटर सडक ग्राभेल, १०६ वटा मोटरेबल पुल र ८४ वटा झोलुंगे पुल निर्माण भएको मन्त्रालयको योजना अनुगमन, मूल्यांकन तथा अन्य पूर्वाधार महाशाखाका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर रामकुमार श्रेष्ठले बताए । उनका अनुसार मन्त्रालयमार्फत आव २०८०/८१ मा सम्पन्न भएका क्रमागत बहुवर्षीय र सालबसाली आयोजनामार्फत ११ जिल्लामा २३३ किलोमिटर सडक कालोपत्र र ९७ किलोमिटर सडक ग्राभेल भएको छ । सो अवधिमा २१ वटा मोटरेबल पुल, १९ वटा झोलुंगे पुल र २५ वटा भवन निर्माण गरिएको उनले जानकारी दिए ।

गत आवमा बागलुङमा ४३, स्याङ्जामा ३९, नवलपुरमा ३७, तनहुँमा ३५.५, पर्वतमा २३, कास्कीमा ३२.७५, गोरखामा १३.८१, लमजुङमा ११, म्याग्दीमा १२.४६, मनाङमा २.२ किलोमिटर र मुस्ताङमा ६२० मिटर सडक कालोपत्र र ढलान भएको छ । ५५ किलोमिटर कच्ची सडक निर्माण, १४६.६३ किलोमिटर सडक फराकिलो बनाउने, २२७.१३ किलोमिटर नाली, १७८ वटा कजवे र कल्भर्ट निर्माण भएका छन् ।

सडक सुरक्षाका लागि प्रदेशभर दुई लाख १९ हजार १४९.५४ घनमिटर टेवा पर्खाल, ४७ किलोमिटर सडकको नियमित मर्मत गरिएको मन्त्रालयले जनाएको छ । कूल १२ अर्ब १८ करोड २३ लाख पाँच हजार रूपैयाँ पुँजीगत बजेट रहेको मन्त्रालयले ७१.७४ प्रतिशत अथवा आठ अर्ब ७३ करोड ९५ लाख २९ हजार रूपैयाँ खर्च गरेको छ । आव २०७९/८० मा ५७ प्रतिशत बजेट खर्च गरेको मन्त्रालयले सो अवधिमा १७४ किलोमिटर सडक कालोपत्र, १५ वटा सडक पुल, १२ वटा झोलुंगे र चार वटा भवन निर्माण गरेको थियो । गत आवमा रु ३० लाखभन्दा कम बजेटका टुक्रे योजना कटौती गरेर ठूला र रणनीतिक महत्त्वका आयोजनालाई प्राथमिकता दिइएको र कार्ययोजनाअनुसार अघि बढेकाले बजेट तथा योजना कार्यान्वयनमा सुधार आएको मन्त्रालयका सचिव पण्डितले बताए ।

उनका अनुसार गत आवमा १२७ प्रादेशिक सडक, पाँचवटा संघीय समपुरक सडक, ३० पक्की पुल र चार झोलुंगे पुल आयोजना बहुवर्षीय ठेक्कामार्फत कार्यान्वयनमा लगिएको छ । बहुवर्षीयका लागि छनोट भएका सडक, मोटरेबल र झोलुंगे पुल आयोजनाका लागि रु १२ अर्ब ७३ करोड ९८ लाख बजेटको स्रोत सुनिश्चित भएको छ । अधिकांश तीन वर्ष र केही योजना दुई वर्षमा सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

> **संघ, प्रदेश सरकार र स्थानीय तहले पूर्वाधार विकासतर्फ सडक विस्तार तथा स्तरोन्नतिलाई मुख्य प्राथमिकतामा राखेपछि गण्डकीका गाउँबस्ती सडक सञ्जालले छिचोलेको हो । गण्डकी प्रदेशको गौरवको आयोजनाका रुपमा रहेको शालिग्राम कोरिडोरले गाउँको मुहार नै फेरिएको छ ।**

‘एक निर्वाचन क्षेत्र, एक सडक’

गण्डकीका ३६ मध्ये ३५ निर्वाचन क्षेत्रमा प्रदेश सरकारको ‘एक निर्वाचन क्षेत्र, एक सडक’ कार्यक्रम सञ्चालन गरेको छ । वातावरणीय अध्ययनमा भएको ढिलाइका कारणले मनाङको १०० वटा आयोजना सुरु हुन सकेको छैन । आव २०८०/८१ सम्म उक्त कार्यक्रममार्फत १६ वटा सडक आयोजना सम्पन्न भएको मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास निर्देशनालयका निमित्त निर्देशक डा. महेन्द्र बानियाँले जानकारी दिए । १८ वटा आयोजना निर्माणाधीन अवस्थामा छन् ।

उनका अनुसार लमजुङमा १२, पर्वतमा १३ किलोमिटर, म्याग्दीमा ४.५ किलोमिटर कालोपत्र, गोरखामा १.५, बागलुङमा ३४, स्याङ्जामा ८.५, नवलपुरमा २५, कास्कीमा २० र तनहुँमा १४ किलोमिटर सडक स्तरोन्नति भएको छ । लमजुङको करपुटार-डडुवा-साल्मेभञ्ज्याङ-मालिका-कपुरगाउँ जोड्ने आठ किलोमिटरबाहेक अन्य सडक कालोपत्र र ढलान गरिएको हो । प्रदेश निर्वाचन क्षेत्रमा नमूना सडक निर्माण गर्ने लक्ष्यसहित सरकारले आव २०७५/७६ को नीति तथा बजेटमा उक्त कार्यक्रमलाई समावेश गरेको थियो । त्यसयता हरेक आवको बजेट र कार्यक्रममा ‘एक निर्वाचन क्षेत्र, एक सडक’ले प्राथमिकता पाउँदै आएको छ । प्रदेश सरकारले प्रदेशका ८५ वटै स्थानीय तहका केन्द्रलाई सडक सञ्जालले जोड्ने लक्ष्य लिएको छ । मन्त्रालयले अहिलेसम्म सडक नपुगेको गोरखाको चुमनुब्री र मनाङको नार्पाभूमि गाउँपालिका केन्द्रमा सडक पुर्‍याउन विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको छ ।

कोरला-त्रिवेणी सडक

कोरला-त्रिवेणी सडक आयोजनाअन्र्तगत तनहुँको भिमाददेखि नवलपुरको चोरमारा हुँदै त्रिवेणी सडक गण्डकी प्रदेश सरकारको गौरवको आयोजना हो । यस आयोजनाअन्र्तगत तनहुँको घिरिङ गाउँपालिका-४ मानपुरदेखि नवलपुरको बौदीकाली गाउँपालिकाको डेढगाउँ जोड्ने ११ किलोमिटरमध्ये आठ किलोमिटर सडक कालोपत्र भएको छ ।

त्रिवेणी-कोरला सडकअन्र्तगत नवलपुरको बौदीकाली गाउँपालिकाको डेढगाउँ-झ्यालबास खण्डको १४.१ किलोमिटर सडक कालोपत्र गर्न स्तरोन्नतिको काम भइरहेको छ । डेढगाउँबाट झ्यालबाससम्म करिब ४१ किलोमिटरमध्ये दोस्रो चरणमा थप सात किलोमिटर सडक कालोपत्र गर्न बहुवर्षीय ठेक्का प्रक्रिया अघि बढाइएको छ । झ्यालबासबाट चोरमारासम्म यसअघि नौ किलोमिटर सडक निर्माण भइसकेको पूर्वाधार विकास कार्यालय नवलपुरका प्रमुख सन्तोष अर्यालले बताए ।

शालिग्राम कोरिडोर

तनहुँको देवघाटदेखि ऋषिङ, घिरिङ गाउँपालिका हुँदै पाल्पा, स्याङ्जा र गुल्मी जोड्ने शालिग्राम कोरिडोर सडक गण्डकी प्रदेश सरकारको अर्को गौरवको आयोजना हो । यस आयोजनाको पहिलो खण्डमा पर्ने बौदीदेखि मनटारसम्म र दोस्रो खण्डमा पर्ने मनटारदेखि मधुवनटार जोड्ने २४ किलोमिटर सडक ग्राभेल भएको पूर्वाधार विकास कार्यालय तनहुँका सडक इञ्जिनियर अमरेन्द्र यादवले जानकारी दिए ।

कालीगण्डकी कोरिडोर र पृथ्वी राजमार्गको विकल्पका रूपमा हेरिएको यस सडकको धार्मिक र पर्यटकीय सम्भावना छ । आयोजनाको देवघाटदेखि मधुवनतर्फ सडकले जोड्न मार्ग निर्माण र स्तरोन्नतिको काम भइरहेको छ । दासढुंगादेखि छ किलोमिटर डबल लेनको छ किलोमिटर सडकको अक्सफाल्ट प्रविधिको कालोपत्र भएको र थप १७ किलोमिटर सडक कालोपत्र गर्ने काम भइरहेको सडक इञ्जिनियर यादवले बताए ।

बुद्धसिंह मार्ग

गण्डकी प्रदेश सरकारको गौरवको आयोजना वुद्धसिंह मार्गअन्र्तगत तनहुँको दमौलीदेखि १० किलोमिटर दूरीमा रहेको सुडेसम्म स्तरोन्नति गर्न सञ्चालित आयोजनाको ५० प्रतिशत भौतिक प्रगति भएको छ । दमौलीदेखि पृथ्वी राजमार्ग भएर मुग्लिन हुँदै नारायणघाट जानुभन्दा २५ किलोमिटर छोटो पर्ने ३२ किलोमिटर दूरीको बुद्धसिंह मार्गको पहिलो खण्डमा बर्खालगत्तै कालोपत्र गर्ने तयारी भएको पूर्वाधार विकास कार्यालय तनुहँले जनाएको छ । शालीग्राम करिडोर, वुद्धसिंह मार्ग र कोरला-त्रिवेणीबाहेक प्रदेश सरकारका अन्य बहुवर्षीय सडक आयोजनाहरू राष्ट्रिय राजमार्गको वैकिल्पक मार्गका रूपमा रहेका छन् ।

गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री राजीव गुरुङले प्रतिकूल भूगोल र विपद्को जोखिमलाई सडक यातायात सञ्जाल विस्तार तथा स्तरोन्नतिको क्रममा देखिएको चुनौतीका रूपमा लिइएको बताए । ‘बजेटको सीमितताका बाबजुद पुराना योजनालाई सम्पन्न गराउन, स्तरोन्नति भएका सडकमा सुरक्षित तथा नियमित यातायात सेवा सञ्चालन र थपिएका आयोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ,’ उनले भने । *रासस*

प्रभाव दैनिक
National Daily

सम्पादकीय

विद्युत् महशुल विवाद नलम्ब्याऊ

नेपाल विद्युत् प्राधिकरणले पछिल्लो आठ वर्षमा गरेको प्रगति लोभलाग्दो छ । कुनै बेला लोडसेडिङले आक्रान्त रहेको मुलुक लोडसेडिङमुक्त मात्रै भएको छैन, वर्षौंदेखि घाटामा सञ्चालित प्राधिकरण नाफा कमाउने संस्था बनेको छ । भारतबाट बिजुली आयात गरेर माग धान्दै आएकोमा अहिले बिजुली निर्यात गर्ने अवस्थामा पुगेको छ । यो प्रगतिले मुलुकको ऊर्जा क्षेत्रलाई मात्र नभई समग्र अर्थतन्त्रमा आशा जगाएको छ ।

आर्थिक वर्ष २०७२/७३ सम्म खुद घाटामा रहेको प्राधिकरण अहिले नाफा बढाउँदै अघि बढिरहेको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार आर्थिक वर्ष २०७३/७४ बाट नाफामा अघि बढेको प्राधिकरणले पछाडि फर्कनु परेको छैन । तथ्यांकले पनि यस्तै देखाउँछ । आर्थिक वर्ष २०७२/७३ मा प्राधिकरण आठ अर्ब ८९ करोड रूपैयाँ खुद नोक्सानीमा रहेको थियो । आर्थिक वर्ष २०७३/७४ मा एक अर्ब ५० करोड रूपैयाँ खुद नाफा कमाएको थियो । त्यसयता निरन्तर नाफा कमाउँदै गत आर्थिक वर्ष २०८०/८१ मा १३ अर्ब ३१ करोड रूपैयाँ नाफा पुगेको तथ्यांक उनले शुक्रबार सार्वजनिक गरे । अहिले ४७ अर्ब ४१ करोड रूपैयाँ सञ्चित नाफामा रहेको छ ।

यसबीचमा विद्युत्को महसुल तीनपटक गरी करिब २५ प्रतिशत घटाए पनि नाफामा वृद्धि भइरहेको प्राधिकरणको भनाइ छ । प्राधिकरणका करिब कूल ५९ लाख ग्राहकमध्ये करिब २२ लाख ग्राहकलाई न्यूनतम शुल्क ३० रूपैयाँमात्र कायम गरी ऊर्जा निःशुल्क गरिएको छ । इक्रा नेपालले गरेको ‘क्रेडिट रेटिङ’ मा प्राधिकरणले निरन्तर ‘डबल ए प्लस’ रेटिङ पाइरहेको जानकारी दिइएको छ । यसबाट प्राधिकरण आफ्नो वित्तीय तथा आर्थिक दायित्व बहन गर्न सक्ने क्षमतामा देखिन्छ ।

प्राधिकरणको यो प्रगति एकातिर हुँदा हुँदै पछिल्लो समय विवाद फसेको प्राधिकरण । ‘डेडिकेटेड’ एवं ‘ट्रंक’ लाइन महशुल विवाद समाधान हुन सकेको छैन । खासगरी लोडेसेडिङको समयमा ‘डेडिकेटेड’ लाइन प्रयोग गरेका उद्योगीहरूले अर्बौंको बिल भुक्तानी गर्न बाँकी रहेको प्राधिकरणको दाबी छ । उद्योगीहरूले भने प्राधिकरणले पठाएको बिलको शुल्क तिर्न आनाकानी गरिरहेका छन् । उनीहरू प्राधिकरणले छुट भन्दै थप गरेर पठाएको बिल स्वीकार गर्न तयार छैनन् । वर्तमान सरकार तथा विशेषगरी नेकपा एमाले उद्योगीहरूको पक्षमा लाग्दा प्राधिकरण जसरी पनि वक्यौता उठाउने अडानमा छ । यो विषय तन्काउनेभन्दा पनि तत्काल समाधान गर्नुपर्छ । विवाद समाधानमा सरोकार भएकाहरू सबै गम्भीर बनून् ।

‘थ्रेसहोल्ड’को चक्रव्यूहमा साना दल



■ आरपी गैरे

> नेपालमा संसदीय अभ्यासको सुरूआत भएको वर्षौं बितिसक्यो तर सोचेजस्तो परिणाम जनताले पाउन सकेका छैनन् । पछिल्लो समय राजनीतिप्रति जनतामा वितृष्णा बढ्दै गएको देखिन्छ । दलहरूले राम्रो परिणाम दिन नसक्दाको परिणाम हो यो । अहिले व्यवस्थामाथि नै प्रश्न र विभिन्न टिप्पणी उठिरहेका छन् । गणतन्त्र र संघीयता आफैंमा नराम्रो होइन तर प्रयोग गर्नेहरूले आफ्नो अनुकूल प्रयोग गर्दा अहिले गणतन्त्रप्रति वितृष्णा जागेको हो । जनतालाई आशा जगाउनेगरी नेतृत्व अघि बढ्न नसक्दा यो अवस्था आएको हो ।

प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले लामो समयदेखि आलोपालो सरकारको नेतृत्व गर्दै आएका छन् तर पनि उनीहरूले दाबी गरेअनुसार मुलुक अघि बढ्न सकेको छैन । नेपाली जनता लामो समयदेखि गरिबीको रेखामुनि छन् । गरिबीबाट उनीहरू आर्थिकरूपमा माथि उठ्न सकेका छैनन् । यसको मुख्य दोषी प्रमुख दलहरू नै हुन् । प्रमुख तीन दलले यसको जिम्मेवारी लिनुपर्छ । लामो समयदेखि शासनसत्ता चलाएर पनि उनीहरूले जनचाहना पूरा गर्न सकेका छैनन् । राजनीति गर्ने नेताहरू इमानदार हुनुपर्छ । तर, नेपालको राजनीतिमा इमानदारिताको खडेरी नै देखिन्छ । जसले गर्दा जनताले दुःख पाइरहेका छन् । विगतमा जस्तो निष्ठा र त्यागको राजनीति आज छैन ।

प्रमुख दलहरूको अदूरदर्शिताले देश बर्बाद भएको छ । एकले अर्काको खुट्टा तान्ने र राम्रो काम गर्न नदिने गलत संस्कारको विकास भएको छ । मुलुक बनाउने कुरा राजनीतिक दल र तिनका नेताहरूलाई खासै चासो नभएजस्तो देखिएको छ । आफ्नो र आफ्ना मान्छेको आर्थिक अवस्था कसरी माथि उठाउने भन्ने कुरामा नेताहरू बढी केन्द्रित भए । अहिले कांग्रेस-एमालेको गठबन्धन सरकारले संविधान संशोधनको कुरा उठाएको छ । अहिले संविधान संशोधन गरेर जाँदा कति सान्दर्भिक हुन्छ भन्ने विषय बहसमा आएको छ । संविधान संशोधनजस्तो गम्भीर कुरा बहसको विषय बन्नुपर्छ । यो विषयलाई हल्का रूपमा लिनु हुँदैन ।

एकाएक किन संविधान संशोधनका कुरा आए ? नेताहरूको स्वार्थको आधारमा गठबन्धन बन्ने र भत्किने क्रमले नेपाली जनता लामो समयदेखि वाक्क छन् । यस्तो अवस्थामा संविधान संशोधनको विषय पेचिलो बन्ने देखिन्छ । अस्थिर सरकारले मुलुकको भविष्य निर्माण गर्न सक्दैन । आज देशमा जे भइरहेको त्यो सुखद छैन । तत्कालीन समयमा संविधानप्रति असन्तुष्टि जनाउँदै मधेसमा आन्दोलन गरेका केही दल अहिले सरकारमै छन् ।

नेपालमा संसदीय अभ्यासको सुरुआत भएको वर्षौं बितिसक्यो तर सोचेजस्तो परिणाम जनताले पाउन सकेका छैनन् । पछिल्लो समय राजनीतिप्रति जनतामा वितृष्णा बढ्दै गएको देखिन्छ । दलहरूले राम्रो परिणाम दिन नसक्दाको परिणाम हो यो । अहिले व्यवस्थामाथि नै प्रश्न र विभिन्न टिप्पणी उठिरहेका छन् । गणतन्त्र र संघीयता आफैंमा नराम्रो होइन तर प्रयोग गर्नेहरूले आफ्नो अनुकूल प्रयोग गर्दा अहिले गणतन्त्रप्रति वितृष्णा जागेको हो । जनतालाई आशा जगाउनेगरी नेतृत्व अघि बढ्न नसक्दा यो अवस्था आएको हो ।

कुनै पनि व्यवस्था आफैंमा नराम्रो हुँदैन । नेतृत्व गलत कर्म नै व्यवस्थालाई बद्नाम गराउँदछ । अहिलेको निर्वाचन प्रणालीमा प्रतिनिधिसभामा दलले कम्तीमा तीन प्रतिशत मत प्राप्त गर्नुपर्ने हुन्छ । कम्तीमा तीन प्रतिशत मत ल्याउन नसक्ने दल समानुपातिकको सिट बाँडफाँटका लागि योग्य हुँदैनन् । त्यस्तै प्रदेशसभामा पनि डेढ प्रतिशत मत ल्याउनुपर्ने हुन्छ ।

राजनीतिक अस्थिरताको बहानामा सत्तारुढ दलहरूवाट ‘थ्रेसहोल्ड’ बढाउने जुन कुरा बाहिर आएको छ । त्यो सत्य हो भने साना र नयाँ दल ‘थ्रेसहोल्ड’ को चक्रव्यूहमा पर्ने खतरा देखियो । कांग्रेस र एमालेले चाहेको के हो स्पस्ट हुन जरुरी छ । मुलुकमा राजनीतिक अस्थिरता बढाउने प्रमुख ठूला तीन दल हुन् । साना दललाई दोष दिएर उनीहरू उम्किन मिल्दैन । ‘थ्रेसहोल्ड’ बढाएर साना दललाई सिध्याउने जुन खेल एमाले र कांग्रेसले गर्दै छन् त्यो द्वन्द्व बढाउने खेलमात्र हो । अर्को कुरा, वर्तमान सरकार लामो समयसम्म टिक्छ भन्ने पनि निश्चित छैन । दुई दलबीच लेनदेनको हिसाब मिल्दासम्म गठबन्धन कायम रहनेहोला, त्यसपछि भन्न सकिँदैन । लोकतन्त्रमा आफ्नो संख्या बढी छ भन्दैमा जे मन लाग्यो त्यो गर्ने छुट कुनै दललाई पनि छैन । आम सहमतिबेगर संविधान संशोधन गर्न खोजे मुलुक फेरि समस्यामा फस्ने छ ।

प्रतिनिधिसभाको गत निर्वाचनमा एमालेले करिब २७ र कांग्रेसले करिब २६ प्रतिशत मत प्राप्त गरेका थिए । त्यस्तै करिब ११ प्रतिशत मत माओवादी केन्द्रले प्राप्त गरेको थियो । झन्डै त्यति नै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले, करिब पाँच प्रतिशत मत राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र करिब चार प्रतिशत मत जनता समाजवादी पार्टी (जसपा) नेपालले प्राप्त गरेका थिए । तीन प्रतिशतभन्दा बढी मत जनमत पार्टीले प्राप्त गरेको थियो । ‘थ्रेसहोल्ड’ साँच्चै १० प्रतिशतसम्म पुऱ्याउने हो भने साना दल सकिने र दुई दलमात्र रहने सम्भावना देखिन्छ । लोकतन्त्रमा यस्तो गर्न मिल्ने हो कि होइन ?

अहिले एमाले र कांग्रेसले सुझबुझका साथ अघि बढ्नुपर्ने देखिन्छ । साना र नयाँ दलहरूले थ्रेसहोल्ड बढाउन नहुने प्रतिक्रिया दिँदै आएका छन् । माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाललेसमेत थ्रेसहोल्ड बढाउन नहुने बताउँदै आएका छन् । त्यसो गरिए राम्रो नहुने चेतावनी दिएका छन् । आज देश बढो संकटको भूमरीमा छ । साना दलहरू सशंकितमात्र होइन, आक्रोशितसमेत बनेका छन् ।

ठूला दलका ठूलै नेताले एकअर्कालाई धोका दिँदा नै सरकार परिवर्तन हुने गरेको छ । त्यसैले राजनीतिक अस्थिरता ठूला दलका ठूलै नेताबाट निम्तिएको छ । यो कुरामा ठूला दलहरू गम्भीर बन्न जरुरी छ । अब हावा कुरा गरेर देशको उन्नति प्रगति गर्न सकिँदैन । सबै दलहरू इमानदारसाथ देश र जनताको पक्षमा लाग्नुपर्ने जरुरी देखिन्छ । विशेष गरेर ठूला राजनीतिक दलहरू लामो समयदेखि आलोपालो सरकारमा सामेल छन् । उनीहरूकै कारण देशले प्रगति गर्न सकेको छैन । सत्ता स्वार्थबाहेक उनीहरूले केही हेरेनन् । पार्टीभित्र आन्तरिक द्वन्द्व बढाएर राजनीतिक अस्थिरता निम्त्याउने काम प्रमुख दलहरूले गरेका छन् । विगतको इतिहासले यो कुरालाई पुष्टि गर्दछ ।

वि.सं. २०४८ र २०५६ मा कांग्रेसको एकल बहुमत आएको थियो । तर त्यो सरकार पनि पूरा कार्यकाल टिक्न सकेन । २०७४ को निर्वाचनमा नेकपाको एकल बहुमत आयो तर पार्टीभित्रको आन्तरिक कलहले त्यो सरकार पनि पूरै कार्यकाल टिक्न नसकेको इतिहास ताजै छ । बहुमतको सरकार पाउँदा पूरा कार्यकाल टिकाउन नसक्ने दलले फेरि राजनीतिमा के गर्न खोजिरहेका छन् ? ठूला दलका शीर्ष नेताहरूले २०४८, २०५६ र २०७४ सालको इतिहासतर्फ फर्किएर एकपटक समीक्षा गर्नुपर्ने देखियो ।

राजनीतिक स्थिरता पूर्णकार्यकाल चल्ने सुनिश्चितता भएको सरकारबाट मात्र सम्भव छ । त्यो आँट अब कसले गर्न सक्छ ? व्यक्तिगत स्वार्थ नभएका नेताबाट मात्र यो सम्भव छ । तर ती नेताहरूले अवसर कहिल्यै पाउँदैनन् । दम्भको राजनीतिले मुलुकलाई निकास दिन सक्दैन । हाम्रा ठूला दलका नेताहरूमा दम्भ बढी भयो । राजनीतिमा दम्भ बढ्यो भने दुर्घटना निम्तिन्छ । विगतमा पनि यस्ता दुर्घटना भएका छन् । विगतलाई बिर्सिएर वर्तमानमा रमाउनेहरूलाई भन्नु केही छैन ।

‘काम कुरो एकातिर, कुम्लो बोकी ठिमीतिर’ को उखान यतिखेर सान्दर्भिक देखिन्छ । सत्ता गठबन्धनमा रहेका कांग्रेस-एमालेका नेताहरू संविधान संशोधनका पक्षमा लागेका छन् । यो विषयमा अरू दललाई खासै चासो भएको देखिँदैन । सबैको सल्लाह र सुझाव सरकारले सुन्नुपर्छ । दुईतिहाइ बहुमत नभई संविधान संशोधन हुँदैन । अहिले त्यो बहुमत त छ तर संविधान संशोधनमा पनि कायम रहला त ? अहिलेको अवस्था जटिल छ । सत्ताका लागि दलहरू जे पनि गर्न तयार छन् । यो राम्रो कुरा होइन । यस्ता गलत प्रवृत्तिले दीर्घकालीन समाधान दिन सक्दैन । संविधान संशोधनको कारणले अर्को द्वन्द्व ननिम्तियोस् । यसमा सजग बन्न जरुरी छ ।

अहिलेको जनमतअनुसार राष्ट्रिय आवश्यकता पूरा होलाजस्तो देखिँदैन । अहिलेको अवस्थामा संविधान संशोधन गर्न त्यति सजिलो छैन । हामीले कुनै पनि संविधानलाई निरन्तरता दिन सकेका छैनौं । यो राज्य प्रणाली संविधानअनुसार ठीकसँग चल्न नसकेको स्पष्ट प्रमाणित भइसक्यो । यदि संविधान संशोधन गर्ने नै हो भने दलहरूको स्वार्थअनुकूल होइन, मुलुकको आवश्यकतालाई प्राथमिकता दिइनुपर्छ । अन्यथा फेरि पनि दल र तिनका नेताको स्वार्थपूर्तिका लागिमात्र संविधान संशोधन आवश्यक छैन ।

राजनीतिमा आमजनताको चासो बढ्नुपर्नेमा वितृष्णामात्र बढेको छ । यसो हुनुमा यीनै दलहरू दोषी छन् । राजनीतिक दलका नेता र तिनका कार्यकर्ताको गलत क्रियाकलापले देशमा विकृति मौलाउँदै गएको छ । यो राम्रो संकेत होइन । तर यो नेपाली राजनीतिको तीतो यथार्थ बन्न पुगेको छ । सर्वसाधारण जनताले राजनीतिक परिवर्तनपछिको सकारात्मक अनुभूति नै गर्न पाएका छैनन् । शिक्षा, स्वास्थ्य, रोजगारीको पहुँच र सुशासनको सवालमा मुलुकले जुनरूपमा फड्को मानुपर्ने थियो, त्यो भएको छैन । मुलुकको अवस्था झन् झन् खराब बन्दै गएको छ । राजनीतिक दल र तिनका नेताहरूको अकर्मण्यता र स्वार्थको लडाइँले गर्दा देश यो अवस्थामा फसेको हो । यसको समाधानका लागि जनताको निरन्तर खबरदारी आवश्यक छ ।

मननयोग्य

चाणक्य नीति

राक्षसले लामो निःस्वास लिँदै भने- ‘लाग्छ प्रकृति ने अनुकूल छैन त्यसैले सम्पूर्ण उपाय विफल हुँदैछन् । तर मेरो हृदयाग्नि चाणक्यलाई भष्म नगरी शान्त हुन सक्तैन । म आफ्ना मालिकको हत्याको बदला अवश्य लिन्छु’ अनि अर्कै गुप्तचर आइपुग्यो, उसबाट थाहा भयो । आगामी पूर्णिमामा कौमुदी महोत्सवका साथै विधिपूर्वक चन्द्रगुप्तको राज्याभिषेक हुनेछ । त्यो अत्यन्तै विशाल हुन्छ, जसमा राजाका अधीनमा रहेका राजाहरू र सामन्तहरू, उच्चपदाधिकारी, प्रतिष्ठित नागरिकका तर्फबाट उपहार दिइन्छ ।

यस समाचारले राक्षसलाई अन्धकारमा सूर्यको प्रकाश आएजस्तै । त्यस्तै तेज राक्षसको मुखमा पनि आयो र आफ्नो विश्वस्त साथी जीवाक्षलाई बोलाई राक्षसले भने- ‘मित्र ! एउटा नचुक्ने अवसर आएको छ । यसपटक चाणक्यले चन्द्रगुप्तलाई कसरी बचाउँछ हेरौं । राक्षसले अत्यन्तै भेदयुक्त कुरा जीवाक्षसँग भन्न थाल्यो- ‘तिमी कुमयुरकी प्रसिद्ध नगरवधु सम्मोहिनीकहाँ जाऊ । म एक चिठी उनका नाममा लेख्छु । त्यहाँबाट अत्यन्तै रूपवती विषकन्या पाउनेछ । जो हाउभाउ सँगीत, नृत्यकलामा अनुपम छ’

‘महोत्सवका अवसरमा तिमी एक पर्यटकको भेषमा रही ती विषकन्या चन्द्रगुप्तलाई अर्पण गर्नू । अर्पण गर्नुभन्दा पहिले पाटलीपुत्र (पटना) मा सम्पन्नताको धूमधाम मनाउन प्रतिष्ठित व्यक्तिलाई भोजको निमन्त्रणा दिनू र त्यही अवसरमा सबैलाई ती विषकन्या एकपटक देखाउनु त्यो सुन्दरताको वर्णन महलमा चन्द्रगुप्तसमेतलाई जानकारी होस् विषकन्या आफ्नो अमूल्यनिधि भनी चन्द्रगुप्तलाई उपहार दिनु, तिमी चाँडै जाऊ । हेर ! यी छनक चाणक्यसम्म पुग्नुहुँदैन तिमीले अत्यन्तै बुद्धिमानीसाथ काम गर्नुपर्छ ।’

‘जस्तो तपाईंले भन्नुभो त्यस्तै हुन्छ’ भनी जीवाक्ष हिँड्यो । यता पाटलीपुत्र (पटना) मा त्यतिखेरदेखि नै उत्सवको आरम्भ भएको थियो । शहरको विशेष पाहुना घरमा जीवाक्षले काश्मीरी पर्यटक व्यापारी सोमदेव नामले आफ्नो डेरा बनायो ।

पत्र-मञ्जुषा

विदेश जानेलाई विनाधितो ऋण, देशमै गर्छु भन्नेहरु खाली हात !

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले गत साउन ११ गते मौद्रिक नीति ल्याए । मौद्रिक नीतिले दुईवटा विषयलाई प्राथमिकतामा राखेको छ । पहिलो: वैदेशिक रोजगारीमा जानेलाई विनाधितो ऋण दिने । दोस्रो: सेयर धितो कर्जामा २० करोड रूपैयाँको सीमा हटाउने । सरकारले यो नीतिमा ‘दालमा केही कालो’ भएको सर्वसाधारणको आशंका छ ।

सरकारले म्यानपावर र कन्सल्टेन्सीसँग कमिसन खाएर वैदेशिक रोजगारीमा जान विनाधितो ऋण दिने नीति ल्याएको सर्वसाधारणको आरोप छ । यता, सेयरको हकमा पनि कमिसनकै चलखेल भएको उनीहरू बताउँछन् । सरकारले दोहोरो चरित्र देखाइरहेको छ । एकातर्फ सरकार भन्छ, युवालाई विदेश जानबाट रोक्नुपर्छ । अर्कोतर्फ सरकार नै युवालाई विदेश पलायन गर्न यस्तो खालको नीति ल्याइरहेको छ । अब झन् विदेसिनेको संख्या बढ्ने छ । पढ्ने र कमाउने नाममा सबै विदेश जान्छन्, बाँकी रहन्छन्, बूढाबूढी र भुराभुरी मात्र ।

हुन त सरकारमा भएकाहरूले युवालाई विदेश पठाएर आफ्नो बाटो खुला गर्न खोजेका पनि होलान् । सबै युवा देशमै भए भने बूढाखाडा र मुलुकलाई बर्बाद बनाउने नेताहरूको भाग्ने दिन सुरु भइहाल्छ । विदेश जान्छु भन्नेलाई ऋण दिने, नेपालमै केही गर्छु भन्नेलाई नदिने !

आहा ! सरकार तिम्रो नीति । यसबाट नै सरकारको दाउ नेपालीलाई विदेश पठाएर आफूहरू मोजमस्ती गर्ने हो भन्ने त प्रस्टै भइहाल्यो । म भैंसी पाल्छु, दूध बेच्छु, कृषि गर्छु, सानो चिया पसल खोल्छु, मुलुकमै केही गर्छु भन्नेले विनाधितो ऋण पाउँछन् ? बैंकले उनीहरूसँग सबैभन्दा पहिले धितो नै खोज्छ ।

धितोमात्र नभएर पुगेन, ऋण लिनका लागि घूस पनि खुवाउनुपर्‍यो । अनि कसले ऋण लिएर व्यवसाय गर्न चाहन्छ ? पहुँच भएका व्यक्तिले बैंकबाट अर्बौं रूपैयाँ ऋण पाउँछन् । विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं, भाटभटेनी सुपरमार्केटका साहु मीनबहादुर गुरुङ, चौधरी ग्रुपलगायतले बैंकको अर्बौं रूपैयाँ चलाएका छन् । उनीहरूलाई आँखा चिम्लेर बैंकले अर्बौं रूपैयाँ ऋण दिन्छ । तर, सर्वसाधारणले एक लाख पनि पाउँदैनन् । हुन त बैंकबाट ऋण पाउन ‘ठग्न’ योग्य हुनुपर्छ । बैंकहरूले ऋण लिने व्यक्ति, संस्थाले आफूझैं ठग्न सक्छ कि सक्दैन ? त्यो हेर्छ । बैंक तथा वित्तीय संस्थाको आवरणमा म्यानेजर तथा कर्मचारीले ‘लुटको स्वर्ग’ मच्चाएका छन् ।

बचतकर्ताको पैसा खाताबाटै चोरिदिने । १२ प्रतिशत ब्याज भनेर ७५ प्रतिशत पुऱ्याउने यिनीहरू नै हुन् । तीन किस्ता नतिर्नेबित्तिकै करोडको धितो लाखमै खाइदिन्छन् । एक प्रतिशत सेवा शुल्क भन्ने तीन प्रतिशत उठाउने । यस्ता ‘ठग’हरूको नाइकेचाहिँ देशका गभर्नर हुन् ।

सरकारले विगतदेखि नै दलालीको हितमा काम गर्दै आएको छ । यसपटक पनि त्यस्तै देखियो । सेयरमा २० करोडको सीमा हटाउँदा फाइदा कसलाई ? दलालीलाई । यो प्रस्टै देखिन्छ । सीधासाधीलाई फसाएर दलालीहरूका लागि कमाउने बाटो खोलिदियो, सरकारले । प्रधानमन्त्री केपी शर्मा ओलीको आर्थिक सल्लाहकार हुन्, युवराज खतिवडा ।

खतिवडा र अधिकारी दुवै एमालेप्रति आस्था राख्छन् । त्यसैले सम्पत्ति शुद्धीकरण विभाग र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यिनीहरूको सम्पत्ति खोताल्न नसकेको हो । सामान्य परिवारमा जन्मिएका यी दुईको जागिर खाँदा तलब कति थियो ? खर्च कति थियो ? अहिले सम्पत्ति कति छ ? खोताल्न ढिलाइ भइसकेको छ ।

बैंक तथा वित्तीय संस्थाको नियम हेरौं न, सर्वसाधारणले बैंकमा लगेर पैसा राख्यो भने एउटा भौचर दिन्छ । त्यही सर्वसाधारणले ऋण लिनुपर्‍यो भनेचाहिँ धितो माग्छ । पैसाचाहिँ लिने अनि ऋणचाहिँ नदिने । यो कस्तो खालको नीति हो ? धितो नभएकाहरूलाई ऋण नदिने बैंकहरूले अब तिनको पैसा नलिए हुने नि । पहुँच भएकालाई बैंकले धितो नै नराखिकन ऋण दिन्छ । त्यो पनि अर्बौंमा । सर्वसाधारणलाई म गरिखान्छु भन्दा पनि दिँदैन । बैंकले गरिबलाई पनि ऋण दिएको भए आज विदेसिनेको संख्या यति धेरै हुँदैनथ्यो ।

एउटाले ऋण लिन्थ्यो, सानो पसल वा उद्योग खोल्थ्यो । उद्योग दर्ता गर्दा राज्यलाई राजस्व आउँथ्यो । अर्कोतिर, त्यस उद्योगमा एकाधले पनि रोजगारी पाउँथे । देशमै उत्पादन भएको सामान बजारमा आउँथ्यो । आफ्नो परिवारसँग बस्न पाउँथ्यो । गरिबहरूलाई सबैभन्दा महत्त्वपूर्ण उसको इमान हुन्थ्यो । उसले ऋण लिएपछि तिर्थ्यो नै । तर, बैंक तथा वित्तीय संस्थाले उसलाई पत्याएन । जसका कारण ऊ विदेसिन बाध्य भयो ।

– अनुसा थापा, भक्तपुर

जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

शनिबारे हाटबजार | संखुवासभाको सदरमुकाम खाँदबारीको टुँडिखेलमा नियमित लाग्ने शनिबारे कृषिबजारको हाटको दृश्य । हप्ताको दुईदिन लाग्ने यस हाटमा भोजपुरको षडानन्द नगरपालिका र धनकुटाको लेगुवासम्मका कृषकहरू बजार भर्न आउने गर्दछन् । *तस्बिरः सुजन बज्राचार्य/रासस*

तनहुँमा ७५४ जनामा डेंगु संक्रमण

दमौली (तनहुँ)– जिल्लामा डेंगु संक्रमण बढ्दै गएको पाइएको छ । शुक्रबारसम्म जिल्लाका पाँच स्थानीय तहका ७५४ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका पब्लिक हेल्थ नर्स पूजा कुँवरका अनुसार व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका र भिमाद नगरपालिकामा डेंगु संक्रमण पुष्टि भएको छ । अहिलेसम्म भानु नगरपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिका र देवघाट गाउँपालिकामा भने संक्रमित फेला परेका छैनन् । व्यासमा ५७, शुक्लागण्डकीमा १०५, भिमादमा दुई, बन्दीपुरमा ३५ र आँबुखैरेनीमा ५५४ जनामा डेंगु पुष्टि भएको छ ।

जिल्लास्थित सरकारी अस्पताल र निजी क्लिनिकमा गरिएको परीक्षणअनुसार उनीहरूमा डेंगु पुष्टि भएको हो । डेंगु संक्रमण बढेसँगै सतर्कता अपनाउन आग्रह गरिएको छ । शुक्लागण्डकी नगरपालिकास्थित तनहुँ सेवा अस्पताल, आले मेडिकल हल, युआरएल ल्याब्रोटोरी, खैरेनीटार अस्पताल र जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा डेंगु परीक्षण गरिएको छ । एक्कासि तीनदेखि पाँच दिनसम्म ज्वरो आउनु यो रोगको मुख्य लक्षण हो । यसरी आएको ज्वरो पाँचदेखि सात दिनसम्म रहिरहन सक्दछ । यसका साथै बेस्सरी टाउको दुख्नु, आँखाको गेडी दुख्नु, शरीरमा डाबरहरू आउनु, अरुचि हुनु, जोर्नी तथा मांसपेशी बेस्सरी दुख्नु, पेट तथा आन्द्रामा गडबडी हुनु पनि डेंगुको लक्षण भएको दमौली अस्पतालका प्रमुख डा. परिवर्तन बरालले जानकारी दिए ।

पूरा शरीर ढाकिनेगरी कपडा लगाउनु, लामखुट्टेको टोकाइबाट बच्न मल्हमजस्ता सामग्री प्रयोग गर्नु, सधैं राति र दिउँसो पनि झुलभित्र सुत्ने, घरवरपर खेतबारीमा काम गर्न जाँदा लामखुट्टेको टोकाइबाट बच्न ध्यान पुऱ्याउनु यसबाट बच्ने प्रमुख उपाय हुन् । गर्मी मौसममा जिल्लामा सबैभन्दा बढी व्यास नगरपालिकामा डेंगु संक्रमित भएका थिए । जिल्लाभर करिब सात हजार संक्रमित रहेकामा कूल संक्रमितको ८० प्रतिशत व्यास नगरपालिकामा थिए । त्यस्तै चार जनाको डेंगु संक्रमणबाट मृत्युसमेत भएको थियो ।

व्यास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले विगतका वर्षमा जस्तो समस्या खेप्न नपरोस् भनी समयमै घर वरपर जमेका पानीका खल्डाखुल्डी पुर्ने, झाडी पन्छाउने र नाला सरसफाइ गर्ने कार्यलाई निरन्तरता दिइएको बताए । उनका अनुसार १४ वटै वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक तथा संस्थागत विद्यालय, टोल विकास संस्थालाई परिपत्र गर्दै अभियान सञ्चालनका लागि निर्देशन दिएको छ ।

जिल्लाका १० मध्ये तीन स्थानीय तहमा डेंगुका बिरामी देखापरेका छन् । आँबुखैरेनी, शुक्लागण्डकी र व्यास नगरपालिकामा डेंगुका बिरामी बढ्दै गएको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी सुदीप कँडेलले जानकारी दिए । डेंगुका बिरामी बढ्दै गएपछि यस क्षेत्रमा सरसफाइका साथै स्वास्थ्य परीक्षण गराउन आग्रह गरिएको छ । 'लामखुट्टे खोज र नष्ट गर' अभियान चलाइएको छ । जनप्रतिनिधि, स्थानीयवासी, शिक्षक, विद्यार्थीलाई सचेत गराई लामखुट्टे रहनसक्ने ठाउँमा पानी जम्ने खाल्डाखुल्डी पुर्ने, झाडी फाँड्ने, टायर हटाउने, गमला व्यवस्थित गर्ने कार्य अगाडि बढाइएको उनले बताए ।

'विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम अगाडि बढाइएको छ,' सूचना अधिकारी कँडेलले भने । विपद् व्यवस्थापनको महामारीलाई ध्यानमा राखी सरोकारवाला निकायबीच बृहत् छलफल गरिएको छ । शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रमा डेंगुका बिरामी बढ्दै गएपछि उपचारका लागि छुट्टै वार्डको व्यवस्था गरिएको केन्द्र प्रमुख डा. रामकुमार श्रेष्ठले बताए । उनका अनुसार डेंगुका बिरामीको उपचारका लागि १५ शयचाको व्यवस्था गरिएको छ । *रासस*

काभ्रेका पाँच स्थानीय तह पूर्णखोप सुनिश्चित

काभ्रेपलाञ्चोक (प्रस)– काभ्रेपलाञ्चोकमा हालसम्म पाँच स्थानीयले पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरेका छन् । जन्मदेखि २३ महिनासम्म तथा नियमित खोप तालिकामा छुटेका सम्पूर्ण बालबालिकालाई खोप लगाइसकेपछि ती तहले पूर्णखोप सुनिश्चितता घोषणा गरेका हुन् ।

काभ्रेमा छ नगरपालिका र सात गाउँपालिका छन् । हालसम्म तीन नगर र दुई गाउँपालिकाले पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरेका हुन् । शुक्रबार भुम्लु गाउँपालिकाले एक कार्यक्रमको आयोजना गरी अध्यक्ष प्रेमबहादुर भुजेल, जिल्ला समन्वय समिति उपप्रमुख रिमबहादुर तामाङ, गाउँपालिका उपाध्यक्ष जितेन्द्रमान तामाङ, जनस्वास्थ्य कार्यालय प्रमुख रागीश्री कक्षपती श्रेष्ठलगायत सरोकारवालाको उपस्थितिमा घोषणा गरिएको हो । गाउँपालिकाभित्रका जन्मदेखि २३ महिनासम्म करिब ४०० बालबालिकालाई पूर्णखोप प्रदान गरिएको स्वास्थ्य शाखा संयोजक सुदर्शन भट्टराईले जानकारी दिए ।

यस्तै पनौती नगरलाई साउन पहिलो साता पूर्णखोप सुनिश्चित स्थानीय तह घोषणा गरिएको थियो । नगरलाई १६ महिनादेखि ५९ महिनासम्मका सबै बालबालिकालाई १५ महिनाको उमेरभित्र पाउनुपर्ने सबै खोप दिलाई पूर्णखोप दिलाएको सुनिश्चितता प्रमाणपत्रसमेत प्रदान गरिएको थियो । राष्ट्रिय पूर्णखोप निर्देशिकाबमोजिम सम्पूर्ण प्रक्रिया पूरा गरेको पनौती नगरलाई जिल्ला खोप समन्वय समितिले प्रमाणपत्र प्रदान गरेको हो ।

काभ्रेको पनौतीसहित पाँच स्थानीय तहले आफ्नो पालिका पूर्णखाप सुनिश्चित घोषणा गरेका हुन् । यसअघि धुलिखेल नगर, नमोबुद्ध नगर र रोशी गाउँपालिकाले पूर्णखोप सुनिश्चित स्थानीय तह घोषणा गरेका हुन् । जिल्लाका अन्य बाँकी आठ स्थानीय तह घोषणाको तयारीमा जुटिरहेको जनाइएको छ ।

गत असार दोस्रो साता धुलिखेल नगरलाई जिल्लामा पहिलो 'पूर्णखोप सुनिश्चितता दिगोपना' नगर घोषणा गरिएको थियो । बर्सेनि पूर्णखोप सुनिश्चितता नगर घोषणा गर्दै आएको धुलिखेल पहिलो स्वस्थ नगर घोषणा तयारीमा रहेको जनाइएको छ । 'धुलिखेल नगर नेपालकै पहिलो स्वस्थ नगर घोषणाको तयारीमा छौं,' नगरप्रमुख अशोक ब्याञ्जुले भने । उनले स्थानीय नागरिकको घरपरिवार सर्वेक्षणमार्फत सबै खालका रोग, समस्या तथा स्वास्थ्य सेवाको आवश्यकताबारे जानकारी लिदै स्वास्थ्य सेवाको पहुँचमा पुऱ्याउने गरी अशक्त, अपांगता भएका, गरिब, दलित, सीमान्तकृत तथा जेष्ठ नागरिकहरूका हकमा विशेष व्यवस्था गरिएको बताए ।

धुलिखेलले पहिलोपटक वि.सं. २०६४ मै पूर्णखोप सुनिश्चित भएको नगर घोषणा गरेको थियो । हाल १५ महिनादेखि दुई वर्षसम्मका सम्पूर्ण बालबालिकालाई पूर्णखोप लगाएको वडास्तरबाट घोषणा हुँदै नगरलाई पूर्णखोप सुनिश्चितता भएको हो । सात प्रदेशमध्ये पूर्णखोप सुनिश्चित घोषणा गर्न बाँकी बागमती प्रदेशभित्रको जिल्लास्थित स्थानीय तहहरूमा घोषणाको तयारी भइरहेको जनाइएको छ । नेपालमा सन् २०१२ बाट पूर्णखोप सुनिश्चितताको सुरुआत भएको थियो ।

स्याङ्जामा नागरिकताभन्दा राहदानी लिने बढी

वालिङ (स्याङ्जा)– स्याङ्जामा नागरिकता लिनेभन्दा राहदानी बनाउनेको संख्या बढी रहेको पाइएको छ । आर्थिक वर्ष २०८०/८१ मा जिल्ला प्रशासन कार्यालय स्याङ्जा र इलाका प्रशासन कार्यालय वालिङबाट नागरिकता बनाउनेभन्दा राहदानी लिनेको संख्या पाँच हजारभन्दा बढी रहेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी दीपक पौडेलका अनुसार आव २०८०/८१ मा स्याङ्जाबाट नौ हजार ४८७ जनाले नागरिकता लिएका थिए । सोही अवधिमा १४ हजार ८२२ जनाले राहदानी लिएका छन् । जिल्ला प्रशासन कार्यालय स्याङ्जा र इलाका प्रशासन कार्यालय वालिङबाट कूल १५ हजार १९३ राहदानी सिफारिस गरिएको थियो । सिफारिस गरिएका राहदानी बनेर आए पनि व्यक्ति लिन नआउँदा सिफारिसभन्दा वितरण थोरै देखिएको हो । गत आवमा राहदानी बनाएकामध्ये ३७१ राहदानी वितरण गर्न बाँकी नै रहेको उनले बताए ।

सदरमुकामस्थित जिल्ला प्रशासन कार्यालय र वालिङस्थित इलाका प्रशासन कार्यालयबाट नागरिकता तथा राहदानी वितरण हुँदै आएको छ । जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट आव २०८०/८१ मा प्रतिलिपिबाहेक वंशजका आधारमा र गैरआवासीय नागरिकता चार हजार ९०४ वटा वितरण गरिएको सूचना अधिकारी पौडेलले बताए । सोही अवधिमा इलाका प्रशासन कार्यालय वालिङबाट चार हजार ५८३ नागरिकता वितरण भएका थिए । दुवै कार्यालयबाट गत आवमा कूल नौ हजार ४८७ नागरिकता वितरण भएका थिए ।

स्याङ्जाबाट वैवाहिक अंगीकृत नागरिकता २४ वटा वितरण भएका सूचना अधिकारी पौडेलले बताए । स्याङ्जाबाट १९ र वालिङबाट पाँच वैवाहिक अंगीकृत नागरिकता वितरण भएका थिए । कूल १४ हजार ८२२ राहदानीमध्ये स्याङ्जाबाट सात हजार ४४३ र वालिङबाट सात हजार ३७९ वितरण भएका थिए । 'जिप्रका तथा इप्रकाबाट नागरिकताभन्दा राहदानी लिने सेवाग्राही बढी छन्,' उनले भने, 'अध्ययन, रोजगारीका लागि तथा घुम्न जाने, तत्काल आवश्यक नपरे पनि बनाएर राख्ने तथा चाहिँदा तत्काल प्रयोग गर्न पाइने भएकाले पनि राहदानी बनाउनेको संख्या धेरै देखिएको हो ।' *रासस*

क्यान्सर अस्पतालमा अत्याधुनिक लेजर मेसिनबाट युरोलोजी सर्जरी

चितवन (प्रस)– बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा अत्याधुनिक लेजर मेसिनबाट युरोलोजी सर्जरी सेवा सुरु गरिएको छ । यो अत्याधुनिक थुलियम फाइबर लेजर (टिएफएल) मेसिन हो ।

अस्पतालका उपनिर्देशक एवं युरोलोजिस्ट डा. उमेश नेपालले इण्डोयुरोलोजी सेवाको पछिल्लो प्रविधि भएकाले सेवाको समयसापेक्ष स्तरोन्नति हुने बताए । यसअघि युरोलोजीमा प्रयोग हुने लेजरहरू होल्मियम लेजरको पल्स एमल्सन हुने हुनाले टिस्यू च्यातिने सम्भावना (टिस्यू टिएरिङ इफेक्ट) हुने जनाउँदै उनले टिएफएल निरन्तर बीममा निस्किने र टिस्यु च्यातिने समस्या नहुने जानकारी दिए । उनले भने, 'यो प्रविधिबाट शल्यक्रिया गर्दा रक्तश्राव अति नै न्यून हुन्छ । टिस्यू पेनिट्रेसन सबैभन्दा कम हुने हुनाले जोखिमदर अति नै न्यून हुन्छ ।'

अस्पतालमा हरेक वर्ष ४५० हाराहारी पिसाब थैलीका क्यान्सर र १०० हाराहारी प्रोस्टेट क्यान्सरको शल्यक्रिया हुने जानकारी दिँदै डा. नेपालले यस्ता बिरामीका लागि यो प्रविधि निकै लाभदायी हुने बताए । उनले भने, 'एन ब्लक रिसेक्सन गर्न मिल्ने भएकाले पुनःशल्यक्रिया गर्नुपर्ने सम्भावना पनि न्यून हुन्छ ।' मेसिन जडान गरेसँगै शुक्रबार पहिलो दिन तीनवटा शल्यक्रिया गरिएको छ ।

अस्पतालका कार्यकारी निर्देशक डा. शिवजी पौडेलले आधुनिक उपकरणहरू भित्र्याएर सेवा चुस्तदुरुस्त एवं बिरामीलाई सहज बनाउने काममा आफूहरू लागि परेको बताए । अस्पतालमा देशभर र भारतीय सीमा क्षेत्रबाट बिरामी उपचारका लागि आउने उनको भनाइ छ ।

'मगर खाम भाषा' संकटमा परेपछि बूढापाका चिन्तित

ढोरपाटन (बागलुङ)– यहाँ बोलिने 'मगर खाम भाषा' संकटमा परेसँगै लोप हुने जोखिम बढेको छ । बढ्दो सहरीकरण, विदेश पलायन, आधुनिकीकरणलगायत कारणले भाषा संकटमा पर्न थालेपछि लोप हुने जोखिम बढेको भन्दै बूढापाका चिन्तित भएका हुन् ।

आठार मगरातअन्तर्गत जिल्लाको निसीखोला गाउँपालिका-५ र ६ मा बोलिने यो भाषा पछिल्लो समय कम प्रयोग हुन थालेको छ । युवा विदेश र बालबालिका सहर बजार झर्न थालेपछि 'मगर खाम भाषा' कम बोल्न थालिएको यहाँका ज्येष्ठ नागरिक बताउँछन् ।

पछिल्लो समय गाउँमा बूढापाका मात्रै बस्ने र यो भाषा बोल्ने गरेका छन् । एक दशक अगाडिसम्म ढोरपाटन नगरपालिका-७, ८ र ९ मा पनि खाम भाषा बोल्ने गरिएकामा अहिले प्रयोग हुन छोडेको निसीखोला-६ का भक्तबहादुर बूढा मगरले बताए । बिस्तारै निसीखोलामा पनि भाषा हराउँदै जाने जोखिम बढेकामा उनले चिन्ता व्यक्त गरे ।

भाषासँगै पश्चिममा संस्कृतिको प्रभावले मौलिक कला र संस्कृति पनि लोप हुन थालेको बूढापाका बताउँछन् । यसलाई संरक्षण गर्नुपर्ने दायित्व स्थानीय सरकारले गर्नुपर्नेमा उनीहरूले जोड दिए । मगर खाम भाषा मगर समुदायले मात्रै नभई निसीखोलामा दलित समुदायका स्थानीयले पनि बोल्ने गर्दछन् । 'पहिलेपहिले लेकबेँसी र घाँसदाउरा गर्दा मगर खाम भाषामा गीत गुनगुनाउने गरिन्थ्यो । अचेल नयाँ पुस्तालाई कुराकानीमा पनि समस्या हुने गर्दछ,' भक्तबहादुरले भने । यो भाषा आफ्नो समुदायको पहिचान, संस्कृति र आस्था भएको उनले बताए ।

एक दशक अगाडिसम्म गाउँका सबैले मगर खाम भाषामा कुराकानी गर्नेमा अहिले बोलचाल पनि कम हुँदै गएको भक्तबहादुरले बताए । कहिलेदेखि बोल्दै आएको यकीन दस्तावेज नभए पनि सयौं वर्ष पुरानो रहेको उनले दाबी गरे । गाउँमा विकास आएपछि धेरैले यो भाषा बोल्न छोड्दै गएका बताउँदै ७१ वर्षीय भक्तबहादुरले आफ्ना छोराछोरीले मातृभाषा राम्रोसँग बोल्न सके पनि नाति पुस्ताले बोल्न छोडेका उल्लेख गरे ।

'हाम्रा बाउबाजेले नेपालीभन्दा पनि सबै खाम भाषामा बोल्दथे । हामीहरूले उनहरूबाट सबै कुरा सिकेर त्यस्तै अनुशरण गऱ्यौं । बिस्तारै नेपाली भाषा पनि बोल्न थालियो, अहिले युवा पुस्ताले खाम भाषा बोल्न मान्दैनन्,' उनले भने, 'हामी गाउँ छोडेर कतै गएनौं, मातृ भाषामा गीत गाउँदै, नाच्दै खेतीपातीको काम गर्थ्यौं । अहिलेका युवा पुस्ता उच्च शिक्षा, रोजगारीलगायत बहानामा सहर बजार झर्छन् । उति बस्ने, पढ्ने र उतैको भाषा बोल्छन्, हाम्रो भाषा हराउँदै गयो ।'

निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीले मगर खाम भाषा संरक्षणका लागि विद्यालय स्तरबाट लाग्नुपर्ने बताउँदै यसका लागि पालिकाले पाठ्यपुस्तकमा समावेश गर्ने योजना बनाइरहेको जानकारी दिए । पालिकाले मगर खाम भाषामा पाठ्यपुस्तक तयार गरिसकेको भन्दै आगामी भदौदेखि पठनपाठन थाल्ने योजनामा रहेको उनले बताए ।

यो भाषा संरक्षणका लागि राज्यले प्राथमिकता दिनुपर्ने अध्यक्ष घर्ती मगरले जोड दिए । पालिकाले नयाँ पुस्तालाई खाम भाषा बोल्न प्रेरित गरिरहेको बताउँदै समुदायस्तरबाट यसको पहल हुनुपर्नेमा उनले जोड दिए । पहिलो जम्मेवारी परिवारको भएकाले परिवारले आफ्ना सन्तानलाई मातृभाषा सिकाउनुपर्ने र जिम्मेवार बन्नुपर्ने अध्यक्ष मगरको भनाइ छ । भाषाको संरक्षण र प्रवर्द्धन गर्न परिवारले पनि सहयोग गर्नुपर्ने भन्दै भाषा संरक्षण भए हाम्रो कला, संस्कृति र रहनसहन लोप नहुने उनले विश्वास व्यक्त गरे ।

'अघिल्लो वर्षदेखि विद्यालयमा मगर खाम भाषाको पाठ्यपुस्तक लागू गर्ने योजना थियो, प्राविधिक कारणले गर्न सकिएन,' अध्यक्ष मगर, 'यस वर्ष जसरी पनि गर्छौं, बालबालिकालाई खाम भाषामा सांस्कृतिक कार्यक्रम गर्ने, गीत गाउने, बोल्न सिकाउने गर्न सकिन्छ । नियमित पठनपाठनका लागि शिक्षकको समस्या छ, निजी स्रोतबाट भए पनि शिक्षक व्यवस्थापन गरेर पठनपाठन गराउने छौं ।' *रासस*

प्रभाव दैनिक

रूपशाला

'रावायण'मा पल र पूजा समावेश पोस्टर

आगामी भदौ २१ गतेदेखि रिलिज हुने फिल्म 'रावायण' को नायक पल शाह र नायिका पूजा शर्मा समावेश भएको पोस्टर सार्वजनिक गरिएको छ । पोष्टरमा पललाई केही गम्भीर भावमा र पुजालाई भने रिसाएको देख्न सकिन्छ । यसअघि फिल्मको सार्वजनिक पलको सोलो फस्टलुकले बजारमा राम्रै चर्चा पाएको थियो । फिल्मका निर्देशक सुदर्शन थापा हुन् । सुदर्शन थापा प्रोडक्शन र पुजा शर्मा प्रोडक्शनको संयुक्त ब्यानरमा बनेको फिल्मकी निर्माता पुजा शर्मा हुन् । फिल्ममा सुशन पाठक कार्यकारी निर्माता छन् ।

आइतबार, २७ साउन २०८१ (Sunday, August 11, 2024)

संगीतकर्मीले सम्झिए गुरूदेव कामत

श्रद्धाञ्जली एवं समवेदना

■ प्रभाव संवाददाता

काठमाडौं– दिवंगत शास्त्रीय संगीतका गायक तथा संगीतकार गुरुदेव कामतलाई स्मरण गरिएको छ । आज जमलस्थित नाँचघरमा गुरुदेव कामत संगीत फाउण्डेसन तथा गुरुकुल संगीत पाठशालाले संयुक्त रूपमा आयोजना गरेको श्रद्धाञ्जली एवं समवेदना कार्यक्रममा उनको गीतसंगीतसँगै नेपाली शास्त्रीय गीतसंगीतमा गायक कामतले पुऱ्याएको योगदानको चर्चा गरियो ।

कलाकार मदनदास श्रेष्ठले गायक कामतसँग पहिलोपटक रेडियो नेपालमा भेटेको स्मरण गर्दै गीतसंगीत सदैव अमर रहने बताए । उनले भने, 'उहाँ निकै सरल र मिलनसार स्वभावको हुनुहुन्थ्यो । आफ्ना पीडा लुकाएर पनि बाँच्ने मान्छे । उहाँका शिष्यले नै अब संगीतमार्फत अमर बनाउनुपर्छ ।'

कलाकार श्रेष्ठले गायक कामतको गीतसंगीत र सिर्जना आउँदो पुस्ताका लागि मार्गदर्शन हुनेमा जोड दिए । उनले एउटा सर्जक उपचार अभावमा ज्यान गुमाउनुपर्ने अवस्था राज्यका लागि सुहाउँदो नभएकाले आउँदा दिनमा यस्तो हुन नदिन गीतसंगीतलाई हेर्न गठित संस्थाले सतर्कता अपनाउनुपर्ने बताए ।

गायक कामतसँग निकट गायक तथा कलाकार मुरलीधरले आफूले भाइ गुमाएको बताए । 'मैले र गायक कामतले सँगै धेरै काम गरेका छौँ । नाटकदेखि गायनसम्म हामीले सहकार्य गर्यौं', उनले भने ।

उनले गायक कामतको सम्झना दुई गीत गुनगुनाए । 'उहाँले मलाई चलचित्रमा गीत गाउन दिनु भन्नुभएको थियो । तर, ती सब निर्माता र निर्देशकले तय गर्ने भएपछि मैले त्यो अवसर दिन सकिनँ । उहाँको त्यो गुनासो सम्झिरहेको छु, अब उहाँको कामलाई संग्रहित गर्नुपर्ने दायित्व शिष्य र फाउण्डेसनमा आएको छ', मुरलीधरले भने ।

संगीतकार राजु सिंहले गायक कामत संगीतको अनुसाशित साधक रहेको बताए । 'गीतसंगीतमा साधना गर्ने एउटा अनुशासन हुन्छ । उहाँ त्यो कायम गरेर साधना गर्नुहुन्थ्यो । हामीले उहाँको सपनालाई पूरा गर्नु नै सच्चा श्रद्धाञ्जली हुनेछ । यसका लागि हामीले धेरै कार्य गर्नु छ', उनले भने । उनले संगीतको बीमा हुनुपर्ने, गायक कामतको सालिक बन्नुपर्नेलगायत विषयमा चर्चा गरे ।

गायक कामतको शिष्य रहेकी गायिका शर्मिला बर्देवाले डायलाइसिसको समयमा अन्तिमपटक कुराकानी गरेको स्मरण गरिन् । उनले भनिन्, 'उहाँसँग थोरै बोल्न पाएँ, त्यही अन्तिम संवाद भयो । मैले उहाँसँग विसं २०२५ देखि २०४८ सम्म संगीत सिकेकी थिएँ । त्यही क्रममा मलाई चलचित्रमा गाउने अवसर आएको थियो । उहाँले शास्त्रीय संगीतलाई नछाडी अन्यलाई अँगाल्नु भन्नुभएको थियो । तर, विविध कारणले मैले शास्त्रीय संगीतलाई निरन्तरता दिन सकिनँ, यसमा दुःख लागेको छ ।'

कार्यक्रममा फाउण्डेसनका संस्थापक अध्यक्ष प्रभातसगार सिंह प्रधानले एउटा सर्जक उपचार गर्न नसकेर काठमाडौं छाडेर गाउँ फर्कनु पीडादायक रहेको बताए ।

'बिरामीहरू काठमाडौं उपचार गराउन आएको सुनेको छु, तर गायक कामत गाउँ फर्किनुभयो । यहाँ उपचारमा आर्थिक सङ्कट भएपछि गाउँमै केही होला भनेर फर्किनुभएको हो । हामीले पनि उपचारका लागि आर्थिक पहल गरिरहेका थियौँ, तर उहाँले छिट्टै छाडेर जानुभयो', अध्यक्ष प्रधानले भने ।

त्यस अवसरमा साहित्यकार मुकुन्द पौडेलले गायक कामतको जीवनी सुनाएका थिए । यस्तै, उहाँका शिष्य भीम मगरसहितको समूहले गायक कामतको स्वर र संगीत रहेको 'कुन पापीले कुन निष्ठुरीले....' गीतमार्फत श्रद्धाञ्जली दिएका थिए ।

यहीसाउन १७ गते दिवंगत भएका गायक कामतको १०औं दिनमा श्रद्धाञ्जलीसभाको आयोजना गरिएको हो ।

'छन्दे'ले ल्याए गाईजात्रे कोसेली 'गठबन्धनका राजाहरू'

■ प्रभाव संवाददाता

काठमाडौं– दुई दशकदेखि निरन्तर कलाकारितामा सक्रिय हास्य कलाकार गोपाल ढकाल (छन्दे)ले नजिकिँदै गरेको गाईजात्रालाई लक्षित गर्दै गाईजात्रे कोसेली 'गठबन्धनका राजाहरू' ल्याएका छन् ।

छन्दे ईन्टरटेन्मेन्ट मार्फत सार्वजनिक कोसेलीमा कलाकार ढकाल शेरबहादुर देउवा र सुरेश तिमल्सिना केपी शर्मा वलीको चरित्रमा प्रस्तुत भएका छन् । कोसेलीमा ओली र देउवाको चरित्र मार्फत देशको राजनीति, आर्थिकदेखि सामाजिक विषयसम्म ब्यांग्य गरिएको छ ।

देश गणतन्त्रसम्म आई पुग्दा धेरै दलहरू बनेको, सत्तामा रहन नेताहरूले अनेक बहाना बनाएको, एक अर्कामा उचाल्ने पछार्नेदेखि सदन घेर्ने, सदन विघटन गर्ने गरेको र पछिल्लो राजनीतिक घटना क्रम समेत ढकालले आफ्नो कोसेलीमा मसला बनाएका छन् ।

'गठबन्धन राजाहरू'मा राजु तिमल्सिनाको छायाङ्कन, गोपाल ढकाल(छन्दे) र सुरेश तिमल्सिनाको कन्सेप्टमा तयार भएको हो । यो केसेलीले आमा दर्शकमा मनोरञ्जनका साथै राम्रो सन्देश पनि प्रवाह हुने विश्वास कलाकार गोपाल ढकाल छन्देले लिएका छन् ।

'घर नम्बर २'को छायांकन सुरु

■ प्रभाव संवाददाता

काठमाडौं– फिल्म 'के घर के डेरा : घर नम्बर २' को छायांकन सुरु भएको छ । ३० दिनको सेड्यूलसहित निर्माण युनिटले शुक्रबार गोदावरीबाट फिल्मको छायांकन सुरु गरेको हो ।

फिल्मको पहिलो सट अभिनेता आर्यन सिग्देल र अभिनेत्री केकी अधिकारीले दिए । शुक्रबार दिनभर यी कलाकारको नै सुटिङ रहने छ ।

शनिबारदेखि सेटमा फिल्मका मुख्य कलाकार खगेन्द्र लामिछाने, निश्चल बस्नेत र उपासना सिंह ठकुरी पनि ज्वाइन हुनेछन् । छायांकन अगाडि फिल्मको भैसेपाटीस्थित कार्यविनायक मन्दिरमा शुभसाइत भयो । शुभसाइत समारोहमा फिल्मका सम्पूर्ण कलाकार, प्राविधिक उपस्थित थिए ।

फिल्ममा प्रकाश घिमिरे, श्रृजना नापित, संजोग रसाइली, बाल-कलाकार रुविना घिमिरेको समेत मुख्य भूमिका रहनेछ । कृष्णबहादुर थापाको छायांकन रहने फिल्म सामाजिक विषयवस्तु बन्न लागेको हो । फिल्मलाई दीपेन्द्र के. खनालले निर्देशन गर्दैछन् । फिल्ममा बुद्धि सागरको लेखन छ ।

फिल्म 'के घर के डेराः घर नम्बर २'मा शरद श्रेष्ठ, किरण महर्जन र राजीव श्रेष्ठले मिलेर बनाउन लागेका हुन् । फिल्मका कार्यकारी निर्माता युवराज कार्की हुन् ।

ए प्लस इन्टरटेन्मेन्ट र नटराज क्रियशनको ब्यानरमा निर्माण हुने फिल्मको काठमाडौँमा वितरण रिच इन्टरटेन्मेन्ट र मोफसलमा एफडी कम्पनी रहेका छन् । फिल्मलाई यसै वर्ष रिलिज गर्ने लक्ष्य निर्माण युनिटको छ ।

रंगशाला

दशौं राष्ट्रिय खेलकुद: अब १०० दिन बाँकी

■ प्रभाव संवाददाता

काठमाडौं– दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको समय दिने काउन्ट डाउन सुरु गरिएको छ । कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले सुर्खेतमा विशेष कार्यक्रमको आयोजना गरेर कर्णाली प्रदेशमा यो वर्ष हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको काउन्ट डाउन सुरु गरेको हो ।

कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले शनिबार प्रतियोगिताको सय दिने काउन्ट डाउनको उद्घाटन गरे ।

दशौं राष्ट्रिय खेलकुद कर्णाली प्रदेशमा मंसिर २ देखि ९ गतेसम्म सञ्चालन गर्ने तयारी छ । सरकारले यसअघिनै मिति घोषणा गरेर प्रतियोगिताको तयारी अघि बढाएको थियो ।

प्रतियोगिता सञ्चालनका लागि सरकारले ६० करोड रूपैयाँ बजेट समेत चालू आर्थिक वर्षमा विनियोजन गरिसकेको छ ।

कर्णाली प्रदेश सरकारले दशौं राष्ट्रिय खेलकुदलाई केन्द्रित गरेर झण्डै ३ अर्ब रूपैयाँ बढी लगानीमा खेलकुद पूर्वाधारको कामलाई अन्तिम चरणमा पुर्याएको छ । प्रदेशको गौरवको आयोजनाको रूपमा खेलकुद पूर्वाधार निर्माणको कामलाई प्रदेश सरकारले अन्तिम चरणमा पुऱ्याएको हो ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव विश्वमित्र सन्जेलले निर्धारित समयमा प्रतियोगिता आयोजना गर्न थोरै समय बाँकी रहेकाले काउन्ट डाउन बनाएर तयारी अघि बढाईएको बताए । उनले अब तालिका बनाएर सबै सरोकारवाला निकाय प्रतियोगिताको तयारीमा जुट्नुपर्ने उल्लेख गरे ।

'खेल पूर्वाधारको हिसाबले कुनै समस्या छैन । सहभागी खेल र खेल स्थलको विषयमा चाँडो निर्णय लिनुपर्नेछ ।' सन्जेलले भने, 'सरकारले बजेट समेत सुनिश्चित गरिसकेको छ । कतै कार्यान्वनयमा जटिलता भए त्यसको समाधान गरेर निर्धारित समयमै खेल आयोजना गर्नपर्छ ।'

प्रतियोगिता आउन सय दिन बाँकी रहदाँ आयोजक कर्णाली प्रदेशले संघीय सरकारको सुझाव अनुसार प्रतियोगिताको मस्कट र लोगो समेत प्रस्ताव गरेको छ । कार्यक्रममा कर्णाली प्रदेशको खेलकुद गित समेत सार्वजनीक गरिएको थियो ।

साफ यु-२० च्याम्पियनसिप खेल्ने नेपाली टोली घोषणा

■ प्रभाव संवाददाता

काठमाडौं – अखिल नेपाल फुटबल संघ (एन्फा) ले साफ यु-२० च्याम्पियनसिपका लागि नेपाली राष्ट्रिय टोली घोषणा भएको छ । प्रतियोगिता अगस्ट १८ देखि २८ तारिखसम्म दशरथ रंगशालामा आयोजना हुँदैछ ।

एन्फाले शनिबार २३ सदस्यीय अन्तिम टोली घोषणा गरेको हो । उद्घाटन खेलमा घरेलु टोली नेपालले श्रीलंकासँग खेल्ने छ । यो खेल अगस्ट १८ मा हुनेछ । यस्तै, नेपालले समूहचरणको अन्तिम खेल बंगलादेशसँग २२ अगस्टमा खेल्ने छ ।

प्रतियोगिता पाकिस्तानबाहेक दक्षिण एसियाका ६ टोली सहभागी छन् । यी ६ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह ए मा नेपाल, श्रीलंका र बंगलादेश यस समूहमा छन् । समूह बी मा भारत, माल्दिभ्स र भुटान छन् । दुवै समूहको शीर्ष दुई टोली सेमिफाइनल प्रवेश गर्नेछन् ।

एन्फाद्वारा छनोट गरिएको खेलाडीको सूचीमा जियारथ शेख, कृषल मोक्तान, विशाल केसी,सिमान्त थापा, अश्विन घोरासैनी, विक्रम तामाङ, आयुष तिम्सिना, मदन पौडेल, राम थापा, समिन घिमिरे, सरोज दर्लामी र निनसाङ लिम्बु रहेका छन् ।

त्यस्तै कुशल देउवा, अविनाश स्याङ्तान, जनप्रकाश बम, लाचु थापा, निरज कार्की, हरिषराज भट्ट, घरबेन्द्र कुँवर, अनिल बमजन, समीर तामाङ, निराजन धानमी र रोहन खड्गी पनि टोलीमा छन् ।

कराँतेका पदक विजेता खेलाडी र प्रशिक्षक सम्मानित

■ प्रभाव संवाददाता

काठमाडौं– सुस्मिता फाउन्डेसन र च्याम्पियन मार्सल आर्ट एकेडेमीले भुटानमा सम्पन्न आठौं दक्षिण एसियाली कराते च्याम्पियनसिपमा विजेता खेलाडीसहित प्रशिक्षकहरूलाई सम्मान गरेको छ ।

शनिबार च्याम्पियनसिपमा स्वर्ण विजेता मीनबहादुर तामाङ र प्रशिक्षकहरू कुशल श्रेष्ठ, दीपक श्रेष्ठ, मन्डेकाजी श्रेष्ठ, श्याम सुनुवार र महेश महर्जनलाई सम्मान गरेको हो ।

मीनबहादुरले उक्त च्याम्पियनसिपमा पुरुष ६० केजी तौलसमूहमा स्वर्ण जितेका थिए । सम्मान कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले खेलाडीलाई एक लाख एक सय रूपैयाँसहित सम्मानपत्र प्रदान गरे ।

सोही अवसरमा खेलाडी अनिल बराम, फुटबल खेलाडी रिहान बुढालाई पनि सम्मानित गरिएको थियो ।

विद्यालयमा इजरायली हमला

१०० भन्दा बढीको मृत्यु, दर्जनौं घाइते

गाजा (प्यालेस्टाइन)– गाजाको नागरिक सुरक्षा विभागले शनिबार गाजा सहरको एक विद्यालयमा इजरायली हमलामा ज्यान गुमाउनेको संख्या ९० देखि १०० सम्म पुगेको अनुमान गरेको छ।

'मृतकको संख्या हालसम्म ९० देखि १०० बीचमा भएको अनुमान छ, दर्जनौं घाइते भएका छन्। विस्थापित प्यालेस्टिनी बस्ने विद्यालयमा तीनवटा इजरायली रकेट प्रहार गरिएको थियो,' विभागका प्रवक्ता महमुद बासलले बताए। गाजाको सरकारी सञ्चार कार्यालयले आक्रमणमा १०० भन्दा बढीको मृत्यु भएको बताएको छ। इजरायली सेनाले अल-ताबिन विद्यालयमा रहेको हमासको 'कमान्ड एन्ड कन्ट्रोल सेन्टर'मा आक्रमण गरेको बताएको छ।

इस्लामिक जिहाद प्यालेस्टिनी सैन्य समूहले बिहानको प्रार्थना गर्ने समयमा विद्यालयमा आक्रमण भएको बताएको छ। गाजा सरकारी सञ्चार कार्यालयका महानिर्देशक इस्माइल अल-थावाब्ताले बताएअनुसार आक्रमणमा १०० भन्दा बढीको मत्यु र दर्जनौं घाइते भएका छन्, जसमध्ये अधिकांशको अवस्था गम्भीर छ। गाजा सरकारी सञ्चार स्रोतले उक्त विद्यालयमा करिब २५० जना महिला, बालबालिका रहेको र तीमध्ये लगभग आधा महिला र बालबालिकाको आक्रमणमा मृत्यु भएको बताएका छन्। *रासस/एएफपी*

बंगलादेशको राजधानी ढाकास्थित बजारमा तरकारी किन्दै सर्वसाधारण। विद्यार्थी नेतृत्वको विद्रोह र घातक जनप्रदर्शनले पूर्ववर्ती शेख हसिनालाई निर्वासनमा जान बाध्य पारेपछि नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा गठित अन्तरिम सरकारले कानुनी शासन पुनःस्थापित गर्ने तयारी गरिरहेको छ। *तस्बिरः एएफपी*

नेता युनुसद्वारा राजनीतिक, सामाजिक र धार्मिक सहिष्णुताका लागि अपिल

ढाका– बंगलादेशका अन्तरिम सरकारको नेतृत्व गरेका नेता मोहम्मद युनुसले शनिबार राजनीतिक, सामाजिक र धार्मिक एकताका लागि सबै देशबासीसँग अपिल गरेका छन्।

शेख हसिनाको १५ वर्षे शासन अन्त्य गर्ने क्रममा भएको जनप्रदर्शनमा प्रहरीले चलाएको गोली लागि मृत्यु भएका एक छात्राकी रोइरहेकी आमालाई अँगालो हाल्दै अन्तरिम सरकारको नेतृत्वकर्ता युनुसले विगतको हृदयविदारक घटनालाई मनमा राख्न र धार्मिक सहिष्णुता प्रकट गर्न आग्रह गरेका हुन्।

नोबेल पुरस्कार विजेता ८४ वर्षीय युनुस यसै साता युरोपबाट फर्किएका र अव्यवस्थाको अन्त्य र प्रजातान्त्रिक सुधारको ठूलो चुनौतीको सामना गर्दै अन्तरिक प्रशासनको नेतृत्व सम्हालेका हुन्। 'हाम्रो जिम्मेवारी नयाँ बंगलादेश निर्माण गर्नु हो,' उनले भने। पूर्वप्रधानमन्त्री हसिनालाई विद्यार्थी आन्दोलनको बलमा गत साता पदच्युत गरिएपछि देशका हिन्दू अल्पसंख्यक समुदायमाथि भएका कयौं प्रतिशोधात्मक आक्रमणले छिमेकी मुलुक भारतमा सन्त्रास पैदा गर्नुका साथै स्वदेशमा पनि त्रास फैलाएको छ।

युनुसले उत्तरी सहर रंगपुरको भ्रमणका क्रममा गत महिना भएको अशान्तिका क्रममा मारिएका पहिलो विद्यार्थी अबु सायिदको सम्झनामा शान्ति कायम गर्न आह्वान गरेका थिए। उनले भने, 'धर्मका आधारमा विभेद नगर्नुहोस्।'नोबेल पुरस्कार विजेता युनुसले भने, 'सायिद अहिले हरेक घरमा हुनुहुन्छ। उहाँ जसरी राष्ट्रिय जागरणका लागि उभिनुभयो, हामीले पनि त्यस्तै गर्नुपर्छ। अबु सायिदलाई हेर्ने दृष्टिकोणबारे बंगलादेशमा कुनै मतभेद छैन।' विद्यार्थीको नेतृत्वमा हसिनाको सरकारविरुद्ध भएको प्रदर्शनमाथि प्रहरीले दमन गर्दा २५ वर्षीय सायिदको जुलाई १६ मा प्रहरीले चलाएको गोली लागि मृत्यु भएको थियो। *रासस/एएफपी*

ब्राजिलमा विमान दुर्घटनामा ६१ जनाको मृत्यु

विन्हेडो (ब्राजील)– ब्राजिलको साओ पाउलो राज्यमा शुक्रबार ५७ जना यात्रु र चार चालक दलका सदस्य बोकेको एक विमान दुर्घटनामा परेको छ। विमानमा सवार सबै ६१ जनाको मृत्यु भएको एयरलाइन्सले जनाएको छ।

दक्षिणी राज्य परानाको क्यास्काबेलबाट साओ पाउलो सहरका लागि उडेको भोपास एयरलाइन्सद्वारा सञ्चालित एटिआर ७२-५०० विमान भिन्हेडो सहरमा दुर्घटनामा परेको हो। लगभग ७६ हजार जनसंख्या रहेको भिन्हेडो सहर साओ पाउलोबाट लगभग ८० किलोमिटर उत्तरपश्चिममा अवस्थित छ।

स्थानीय सञ्चारमाध्यमले प्रसारण गरेको तस्बिरमा उक्त जहाज आकाशमा चक्कर लगाउँदै खसेको र दुर्घटनास्थलबाट धुवाँको मुस्लो उडेको देखिन्छ। साओ पाउलो राज्यका गभर्नर टारसिसियो डे फ्रिटासले घटनास्थलमा पत्रकारलाई भने, 'पीडितको शव पहिचान प्रक्रिया सुरु भइसकेको छ र यो रातभरि जारी रहने छ।'

ब्राजिलका राष्ट्रपति लुला दा सिल्भाले यस घटनाप्रति दुःख व्यक्त गर्दै राज्यमा तीन दिन शोकको घोषणा गरेका छन्।भोपासले पीडितका परिवारलाई पूर्णसहयोग गरिरहेको र दुर्घटनाको कारण पत्ता लगाउन अधिकारीसँग सहकार्य गरिरहेको बताएको छ। ब्राजिलको सेनिपा उड्डयन दुर्घटना एजेन्सीले यस घटनाको अनुसन्धान सुरु गरेको छ। *रासस/एएफपी*

इजरायलको पछिल्लो निकासी आदेशपछि ६० हजार गाजावासी विस्थापित : *राष्ट्रसंघ*

संयुक्त राष्ट्रसंघ– संयुक्त राष्ट्रका मानवतावादी संस्थाले शुक्रबार पछिल्लो इजरायली निकासी आदेशपछि ६० हजार गाजवासी विस्थापित भई पश्चिमी खान युनुसतर्फ सरेको अनुमान गरेको छ। मानवीय मामिला समन्वयका लागि राष्ट्रसंघीय कार्यालय (ओसिएचए) ले उत्तरी र दक्षिणी गाजाको लगभग ४३ वर्ग किलोमिटर क्षेत्रमा यस हप्ता इजरायलले निकासी आदेश जारी गरेको जानकारी दिएको छ।

ओसिएएचएले गाजामा आफ्ना साझेदारद्वारा करिब २३० विस्थापनस्थल, तीन दर्जनभन्दा बढी पानी, सरसफाइ, अस्पतालसहित स्वास्थ्य सुविधाको व्यवस्था गरेको जनाएको छ। गाजापट्टीको ८० प्रतिशतभन्दा बढी भूभागमा गत अक्टोबरदेखि निकासी आदेश जारी गरिएको अनुमान ओसिएएचएले गरेको छ। विपक्षीहरूबीच बढ्दो शत्रुता, सहायता अवरोध, असुरक्षालगायतका कारण गाजामा सहायता आपूर्ति चुनौतीपूर्ण बनेको कार्यालयले जनाएको छ। मे महिनाको सुरुदेखि रफाह क्रसिङ बन्द भएपछि गाजामा सहायताको मात्रा आधाभन्दा बढी घटेको ओसिएचएले जानकारी दिएको छ। यसैगरी विगत तीन महिनामा केरेम शालोम क्रसिङबाट भित्रिने सहायतामा ८० प्रतिशतभन्दा बढीको गिरावट देखिएको छ।

पछिल्लो समयमा मानवीय सहायताका लागि आवश्यक समन्वयको अनुरोधलाई इजरायली अधिकारीले बारम्बार अस्वीकार र अवरोध गरेको ओसिएइचएले जनाएको छ। कार्यालयको अनुसार चालु महिनामा उत्तरी गाजामा जारी ६७ सहायता मिसनमध्ये २४ वटालाई मात्र इजरायली अधिकारीहरूले सहयोग गरेका थिए। बाँकीलाई सुरक्षा परिचालनलगायतका कारण देखाई रद्द गरेको कार्यालयले जनाएको छ। *रासस/सिन्ह्वा*

अफगानिस्तानकी खेलाडी तलाश पेरिस ओलम्पिकबाट अयोग्य घोषित

FREE AFGHAN WOMEN
PARIS 2024

पेरिस– शरणार्थी ओलम्पिक टोलीका सदस्य अफगानिस्तानकी 'ब्रेकडान्सर' मनीजा तलाशलाई 'अफगानी महिलालाई स्वतन्त्र गर' लेखिएको पहिरन प्रदर्शन गरेकाले पेरिस ओलम्पिबाट अयोग्य घोषित गरिएको विश्व डान्सस्पोर्ट महासंघले शनिबार जनाएको छ।

एक्काइस वर्षीया बी-गर्ल तलाश नेदरल्यान्ड्सको इंडिया सार्डजोविरुद्धको पहिलो प्रतिस्पर्धाको ठीक अघि शुक्रबार नारासहितको नीलो पहिरन पहिरिएर प्रस्तुत भएकी थिइन्। 'शरणार्थी टोलीका सदस्य एथलीट बी-गर्ल तलाशले ओलम्पिक अधिकारपत्रको नियम ५० को उल्लंघन गर्दै आफ्नो पोसाकमा राजनीतिक नारा प्रदर्शन गरेकोमा अयोग्य घोषित गरिएको हो,' डान्सस्पोर्ट महासंघले विज्ञप्तिमा जनाएको छ।

नियम ५० ले कुनै पनि ओलम्पिकस्थल वा अन्य क्षेत्रमा कुनै पनि प्रकारको प्रदर्शन वा राजनीतिक, धार्मिक वा जातीय प्रचारमा प्रतिबन्ध लगाएको छ। सन् २०२१ देखि तालिबानको नियन्त्रणमा रहेको काबुलमा जन्मिएकी तलाश देशबाट भागेर आफ्ना दुई दाजुभाइसँग स्पेनमा बस्दै आएकी छन्।

'मैले तालिबानसँग डराएर वा अफगानिस्तानमा बस्न नसकेर देश छाडेको होइन। मैले अफगानिस्तानका महिलाका लागि, आफ्नो भविष्यका लागि देश छोडेको हो,' उनले प्रतियोगिताअघि भनेकी थिइन्। 'मैले आफ्नो लक्ष्य पूरा गर्ने जोखिम लिएँ। मेरो हृदयमा डर छ तर म हार मान्दिनँ,' उनले सन् २०२१ मा एएफपीलाई भनेकी थिइन्। पेरिस ओलम्पिकमा साइक्लिङ, एथलेटिक्स, पौडी खेल्ने र जुडो स्पर्धामा तालिबान सरकारले स्वीकार नगरेको तीन महिलासहित छ जना खेलाडीले अफगानिस्तानको प्रतिनिधित्व गरेका थिए। *रासस/एएफपी*

हसिनाको शरणका लागि आवेदन दिएको हल्ला अस्वीकार गर्दै छोरा सजीब

वासिङ्टन डिसी– बंगलादेशका पूर्वप्रधानमन्त्री शेख हसिनाका छोरा सजीब वाजेद जोयले शनिबार आफ्नी आमाले शरणका लागि आवेदन दिएको हल्लालाई अस्वीकार गरेका छन्।

एएनआईसँगको एक विशेष अन्तर्वार्तामा सजीब वाजेद जोयले आफू वा आफ्नो परिवारले सत्ताको लोभ नराखेको र बंगलादेशको हितका लागि काम गर्नु प्राथमिक प्रेरणा रहेकोमा जोड दिए।

'यी सबै हल्ला हुन्, मेरी आमाले कतै पनि शरणका लागि आवेदन दिनुभएको छैन। उहाँले आफ्नो जीवनको अधिकांश समय बंगलादेशमा बिताएका छन् र देशबाहिर बस्ने उनको कुनै चाह छैन। यस कार्यकालको अन्त्यमा उहाँको योजना सेवानिवृत्त भएर आफ्नो गाउँको घरमा बस्ने थियो। राजनीतिमा संलग्न भए वा नभए पनि उहाँ आफ्नो घर फर्कन चाहनुहुन्छ,' उनले भने।

हसिनाको राजनीतिमा फर्कने योजनाको बारेमा सोधिएको प्रश्नमा उनले भने, 'यस विषयमा म जवाफ दिन सक्दिनँ, उहाँलाई नै सोध्नुपर्ने छ। मेरो परिवारमा हामीमध्ये कसैलाई पनि शक्ति वा राजनीतिको लोभ भएको छैन। मेरो परिवारका बाँकी सदस्य विदेशमा बसोबास गर्दै आएका छन्। म लगभग ३० वर्षदेखि अमेरिकामा बसोबास गर्दै आएको छु। तर हामी हाम्रो देशका लागि काम गर्न चाहन्छौं।'

सजीबले बंगलादेशमा लोकतन्त्र र कानुन व्यवस्था पुनर्स्थापना गर्न आफ्नो परिवारको प्रतिबद्धता पनि व्यक्त गरे। 'हामी देशको यस्तो अवस्था हेर्न सक्दैनौं। लोकतन्त्र पुनःस्थापना गर्न, कानुनी व्यवस्था पुनःस्थापना गर्न, हाम्रा देशका जनतालाई सुरक्षित राख्न जे आवश्यक छ, हामी गर्नेछौं,' उनले भने। उनले बंगलादेशमा अल्पसंख्यकको दुर्दशा र कानुन प्रवर्तनको अभावलाई प्रकाश पारेका छन्। *रासस/एएनआई*

वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोहखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। धुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८१। बीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला -	प्रति तोला -	प्रति तोला -
१४८१००	-	१७३०

चौरीफार्ममा चौरी | जगदुल्ला गाउँपालिका-४ मौरे लेख डोल्पामा रहेको चौरी फार्ममा राखिएका चौँरीहरू । यहाँका अधिकांश स्थानीयबासी चौँरीपालन गरेर आर्थिक लाभ गर्दै आएका छन् । *तस्बिर: हेमन्त केसी/रासस*

मल कारखानामा लगानी स्वीकृत हुनासाथ काम थालिने

■ प्रभाव संवाददाता

काठमाडौं– मल कारखाना स्थापनामा चीन सरकारले सघाउने भएको छ । आगामी एक वर्षभित्रमा कारखाना स्थापनासम्बन्धी सम्पूर्ण काम पूरा गर्न चीन सरकार तयार रहेको नेपालका लागि चीनका राजदूत छन् सङले बताएका छन् ।

मूलधारका सञ्चारमाध्यमका सम्पादकहरूसँग आफ्नो निवासमा आयोजना गर्नुभएको छलफलमा चिनियाँ राजदूतले लगानी बोर्डले कारखाना स्थापनासम्बन्धी प्रस्ताव स्वीकृत गर्नेबित्तिकै काम थालिने बताए । 'नेपालमा प्रचुर मात्रामा उपलब्ध बिजुली र पानीको भरपूर उपयोग गरेर मल कारखाना सञ्चालन गर्ने हाम्रो लक्ष्य छ । नेपालसँगको सम्बन्ध र यसको उन्नयन हाम्रो प्राथमिकता हो', चीन सरकारले सधैं नेपालको सामाजिक-आर्थिक विकासमा सहयोग गर्न चाहेको बताउँदै उनले भने ।

नेपाल-चीन अन्तर्देशीय प्रसारण लाइन निर्माणको सम्भाव्यता अध्ययन गर्न चिनियाँ प्राविधिकहरूको टोली हाल नेपालमा रहेको जानकारी दिँदै उनले पेट्रोलियम पदार्थको आयात घटाएर नेपालको वैदेशिक मुद्रा सञ्चितिमा योगदान गर्ने चिनियाँ चाहना राजदूत छन्ले व्यक्त गरे । जलविद्युत्को विकासबाट नै 'समृद्ध नेपाल, सुखी नेपाली' राष्ट्रिय आकांक्षा पूरा गर्न अन्तर्देशीय विद्युत् व्यापार फलदायी हुने उनले बताए ।

अल्पविकसित राष्ट्रहरूको सूचीबाट स्तरोन्नति हुने नेपालको राष्ट्रिय लक्ष्यमा सघाउन चीनले नेपाललाई सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै चिनियाँ राजदूतले हालै सम्पन्न चिनियाँ कम्युनिष्ट पार्टीको तेस्रो बैठकले नेपालसहित विश्वका अन्य मुलुकलाई रोजगारीका निम्ति आफ्नो श्रमबजार खुला गरेको जानकारी दिए । चीनमा उच्च शिक्षा

हासिल गर्ने नेपाली विद्यार्थीलाई त्यहीँ अन्तरंग प्रशिक्षणको व्यवस्थाका साथ रोजगारीका अवसर पनि उपलब्ध हुने उनले बताए । सिपिसीको तेस्रो बैठकपछि चीनमा लगानीका अवसरहरू पहिल्याउन उच्चस्तरीय अमेरिकी प्रतिनिधिमण्डल चीन भ्रमणमा रहेको बताए ।

राष्ट्रपति सी चीनफिङको अध्यक्षतामा सम्पन्न बैठकले तीनसयभन्दा बढी कानुनी सुधारका घोषणा गरेको जानकारी दिँदै राजदूत छन्ले चीनले नेपालको विकासका निम्ति द्विपक्षीय सहायता बढाउने बताए । 'हामी नेपालको आर्थिक वृद्धिमा योगदान गर्न चाहन्छौँ, पर्यटन प्रवर्द्धन तथा जलविद्युत्को उत्पादनबाट त्यो सम्भव छ', नेपालमा उत्पादित बिजुली चिनियाँ बजारमा खपत गर्न सकिने उल्लेख गर्दै उनले भने ।

चीनले घोषणा गरेका सुधारबाट चीन र नेपालबीचको साझेदारी अझ घनिभूत हुने तथा चीनले हासिल गरेको विकासको प्रतिफल नेपालले पनि उपभोग गर्न पाउने विचार राजदूत छन्ले व्यक्त गरे ।

देशको चौतर्फी विकासलाई नेपालका राजनीतिक दलका नेता तथा कर्मचारीले केन्द्रमा राखेर काम गर्न जरुरी भएको आफ्नो विश्लेषण सुनाउँदै अबको पाँच वर्षमा नेपालले विकासको गति लिनेमा आफू ढुक्क रहेको बताए । परिश्रमी नेपाली जनताको विकासप्रतिको चाहाना पूरा गर्न नेपालको नेतृत्व सफल हुने उनले बताए ।

चिनियाँ पर्यटकको प्रमुख गन्तव्य नेपालमा पर्यटनका पूर्वाधार अपर्याप्त भएकाले अधिकभन्दा अधिक पर्यटकीय संरचना निर्माणमा चिनियाँ राजदूतले जोड दिए । उनले प्रविधि हस्तान्तरणका साथै अन्य प्राविधि सहायता विस्तार गर्न चीन तयार रहेको बताए ।

एक फरक प्रसंगमा उनले विकासका पूर्वाधार तयार गर्ने उद्देश्यले राष्ट्रपति सीले अघि सारेको 'बेल्ट एण्ड रोड इनिसिएटिभ' मा आबद्ध सबै राष्ट्रको हित हुने र त्यसप्रति विमति जनाउनुपर्ने कारण नरहेको बताउदै केही प्राविधिक काम पूरा नहुँदा नेपालसँग विआरआई कार्यान्वयनसम्बन्धी दस्तावेजमा हस्ताक्षर हुननसकेको स्पष्ट गरे । उनले केही समयभित्रै नेपाल-चीनबीच विआरआई साझेदारीसम्बन्धी सम्झौतामा हस्ताक्षर हुने बताए ।

बिआरआई सहकार्य, सहयोग तथा 'कनेक्टिभिटी'का लागि महत्वपूर्ण मञ्चका रूपमा स्थापित भएको तथा त्यसले अर्थतन्त्रहरूलाई एकीकृत गर्न, बजारहरूलाई जोड्न तथा पूर्वाधारहरूमा लगानी प्रोत्साहन गर्ने एवं विश्वव्यापी रूपमा स्रोत साधनको अभाव रहेको परिप्रेक्ष्यमा दिगो विकासका लक्ष्यहरू कार्यान्वयन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनको तर्क छ ।

'हामीले चीन-नेपाल सम्बन्धको विकासलाई महत्व दिएका छौँ, हामी दुई देशका जनताको हितका लागि अनन्तकालसम्म रहिरहने मैत्री सम्बन्धसहितको चीन-नेपाल विस्तृत सहयोगात्मक साझेदारीलाई अझ सुदृढ बनाउन तत्पर छौँ', चिनियाँ राजदूतले भने ।

राजनीतिक र नीतिगत स्थायित्वले अर्थतन्त्रमा सुधार : *ढकाल*

■ प्रभाव संवाददाता

गोदावरी (कैलाली)– नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले संसद्का ठूला दलहरू मिलेर बनेको सरकारबाट राजनीतिक र नीतिगत स्थायित्वले अर्थतन्त्रमा सुधार आउने विश्वास व्यक्त गरेका छन् ।

धनगढीमा आयोजित कैलाली उद्योग वाणिज्य संघको ५०औं स्वर्णिम वर्ष तथा वार्षिक साधारणसभालाई सम्बोधन गर्दै उनले नीतिगत अस्थिरताका कारण अर्थतन्त्रमा ठूलो समस्या देखिएकाले नेपाल राष्ट्र बैंकले हालै ल्याएको मौद्रिक नीतिले अर्थतन्त्र चलायमान हुने बताए ।

सेयर बजारले गति लिन थालेको सन्दर्भ उल्लेख गर्दै अध्यक्ष ढकालले बजारमा माग सृजना गर्न र उत्पादनमूलक क्षेत्रको वृद्धिका लागि सरकारले थप सुधार गर्नुपर्ने आवश्यकता औंल्याए । उनले संघसँगै प्रदेश सरकार स्थायी हुने सम्भावना देखिएकाले प्रदेशमा आर्थिक गतिविधि चलायमान बनाउन प्रदेश र स्थानीय सरकारबीच समन्वय हुनुपर्ने बताए ।

कुल गार्हस्थ्य उत्पादनमा प्रदेशहरूमध्ये छैटौं स्थानमा रहेको सुदूरपश्चिममा सबैभन्दा बढी गरिबी रहे पनि सम्भावना भने उच्च रहेको बताउँदै अध्यक्ष ढकालले सुदूरपश्चिममा जलस्रोत, पर्यटन मात्र नभएर यहाँको जनशक्ति निकै मेहनती रहेकाले युवाहरूलाई उद्यमशील र विकास निर्माणसँग जोड्नुपर्ने आवश्यकता औंल्याए । कार्यक्रममा कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्पराज कुँवरले सुदूरपश्चिम प्रदेशमा आर्थिक गतिविधि चलायमान बनाउन उद्योग वाणिज्य संघले प्रभावकारी भूमिका खेलिरहेको बताए ।

कृषि सहकारीबाट ६७ लाखको सागसब्जी बिक्री

वालिङ (स्याङ्जा)– जिल्लाको वालिङमा रहेको त्रियासी कृषि उपज तथा बजार व्यवस्थापन सहकारीले एक वर्षमा रु ६७ लाख बढीको सागसब्जी बिक्री गरेको छ । वालिङ नगरपालिका-१ त्रियासीमा रहेको सहकारीले गत आर्थिक वर्ष २०८०/८१ मा रु ६७ लाख २५ हजार दुई सय ९९ सागसब्जी बिक्री गरेको हो ।

सहकारीमा आबद्ध भएका कृषक शेयर सदस्यहरूले आ-आफ्नो खेतबारीमा उत्पादन भएका सागसब्जी सहकारीले संकलन गरी बिक्री गर्दै आएको सहकारीका अध्यक्ष अर्जुनप्रकाश अर्यालले बताए । 'यहाँका कृषकले ठूलो परिमाणमा विभिन्न प्रजातिका सागसब्जी र फलफूल उत्पादन गरी सहकारीमा ल्याउनुहुन्छ', उनले भने, 'सहकारीले स्थानीय बजारका साथै पोखरा, बुटवल, काठमाडौं लगेर बिक्री गर्न समन्वय गरिरहेको छ ।'

कृषकले उत्पादन गरेका सागसब्जीलाई बजार समस्या नरहेको बताउँदै अध्यक्ष अर्यालले उत्पादित सागसब्जी र फलफूलहरू सहकारीको संकलन केन्द्रमा राखेर बिक्री गर्दै आएको जानकारी दिए । 'कृषकबाट संकलन गरिएका कृषि उपज केन्द्रमा संकलन गरी राख्छौं । स्थानीय व्यापारी यहाँ आएर खरिद गरेर लैजानुहुन्छ', उनले भने, 'ठूलो परिमाणमा उत्पादन हुँदा सहकारीको सवारीसाधनमार्फत

स्याङ्जा, बुटवल, पोखरालगायत सहरका बजारमा लगेर बिक्री गर्दै आएका छौं ।'

कृषकले केन्द्रमा सागसब्जी, फलफूल तथा अन्य कृषि उपज ल्याएपछि सोको विवरण सहकारीका कर्मचारीले लिने गरेका बताउँदै अध्यक्ष अर्यालले बिक्रीपछि आम्दानी सहकारीमा रहेको कृषकको खातामा राखिदिने व्यवस्था गरिएको जानकारी दिए । उनका अनुसार सहकारीले कृषि उपजको परिमाणका आधारमा प्रतिकिलो रु तीन खर्च कटाउँदै आएको छ ।

कटौती गरिएको रकमबाट कृषकलाई आयमूलक सीप विकासका लागि विभिन्न तालिम, गोष्ठी तथा अवलोकन भ्रमण गराउने, सहकारीको कार्यक्षेत्रभित्र सिँचाइ, कृषि सडक विस्तार र स्तरोन्नति गर्ने, साना कृषकको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउने कार्यमा प्रयोग गरिँदै आइएको सहकारीका अध्यक्ष अर्यालले उल्लेख गरे । 'सहकारीमार्फत कृषकहरूलाई आवश्यक पर्ने सेवा सुविधा उपलब्ध गराउने सरोकार भएका निकायसँग सम्पर्क गराउँदै व्यावसायिक क्षमता विकासमा सहयोग पुऱ्याउँदै आएका छौं', उनले भने, 'कृषकलाई समूहमा आबद्ध गराइ सरल, सुलभ र प्रभावकारी ढंगले कृषि कर्जा वितरण गरिरहेका छौं ।'

उत्पादित सागसब्जीको बिक्रीमा बजारको समस्या नभएको यहाँका अगुवा कृषक लीलाबल्लभ काफ्लेले बताए । गत आवमा रु तीन लाख बढीको सागसब्जी सहकारीमा बिक्री गरेको उनले जानकारी दिए । 'चौध रोपनी क्षेत्रफलमा गोलभैंडा, काक्रा, बोडी, बोडा, घिरौंला, करेला, बन्दा, काउली उत्पादन गरी बिक्री गर्दै आइरहेको छु', उनले भने, 'घरबाटै बिक्री गर्नेभन्दा सहकारीमार्फत गर्दा सहज हुनाका साथै एकैमुस्ट रकम प्राप्त हुन्छ ।'

उत्पादित कृषि उपज सहकारीमा लगेर तौलेर छोडेपछि बजार मूल्यका आधारमा सहकारीमा रहेको आफ्नो खातामा रकम आउने काफ्लेले उल्लेख गरे । 'हामीले सहकारीमा लगेर छोडेको सागसब्जी तथा फलफूल सहकारीले बिक्री गर्छ', उनले भने, 'बिक्री गरेर आएको रकम खातामा जम्मा हुन्छ, जहिले आवश्यक पर्छ सोही बेला निकाल्न सकिन्छ ।' वालिङ-१ त्रियासीका ६० वर्षीय भूमिनन्द रेग्मीले २४ वर्षदेखि व्यवसायिक रूपमा सागसब्जी र फलफूल उत्पादन गर्दै आएका छन् । उनले पनि सहकारीमार्फत बिक्री गरी पुरस्कृतसमेत भएको बताए ।

'सहकारीमा सबैभन्दा बढी कृषि उपज संकलन गरेर पुरस्कृत हुँदै आएको छु', कृषक रेग्मीले भने, 'सागसब्जी र फलफूल खेतीबाट वार्षिक रु तीन लाअ बढी आम्दानी हुन्छ ।' *रासस*

मापदण्ड विपरीतका डेरी उद्योग कारबाहीमा

■ प्रभाव संवाददाता

जनकपुरधाम (धनुषा)– खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरले तोकिएको मापदण्डअनुसार दुग्धजन्य पदार्थ उत्पादन नगर्ने दुई डेरी उधोगमाथि कारबाही गर्ने भएको छ ।

मापदण्ड विपरीत सञ्चालित जनकपुर-१४ स्थित जानकी र छिरेश्वरनाथ नगरपालिका-५ स्थित विशाल डेरी उद्योगमाथि जिल्ला अदालत जनकपुरमा मुद्दा दायर गरी कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको हो ।

कार्यालयले अनुगमनका क्रममा दुवै उद्योगबाट उत्पादित सामग्रीको नमूना संकलन गरी जाँच गर्दा कैफियत पाएपछि कारबाही गरिएको कार्यालयका सूचना अधिकारी प्रवीण तिवारीले जानकारी दिए । 'माँ जानकी डेरी उद्योगबाट उत्पादित खुवा, घ्यू तथा प्रशोधित दूधको नमूना संकलन गर्दा मापदण्डअनुसार नभएको पाइएको छ । विशाल डेरी उद्योगको पूजामा प्रयोग गरिने घ्यूको जाँच गर्दा कैफियत पाइएको हो', उनले भने । बजारमा विशाल डेरीबाट उत्पादित घ्यू नष्ट गरिएको छ । कार्यालयले गत आवमा यहाँ ४६ वटा औद्यौगिक तथा व्यावसायिक फार्मबाट उत्पादित सामग्रीको अनुगमन, छड्के निगरानी गरी मिसावट भएका, गुणस्तरहीन तथा म्याद नाघेका वस्तु नष्ट गरेको थियो । संकलित नमूनामध्ये प्रयोगशालामा जाँच गर्दा दुई डेरी उद्योग मापदण्ड विपरीत सञ्चालन भएको पाइएको कार्यालयका सूचना अधिकारी तिवारीले जानकारी दिए ।

कार्यालयबाट जनकपुरसहित धनुषाको विभिन्न बजार तथा चोकमा अनुगमन भएको थियो । व्यावसायिक होटल, रेष्टुरेण्ट, मासु पसल, किराना पसल, मिष्ठान भण्डार, बोर्डिङ स्कुलका क्यान्टिन, अस्पतालका क्यान्टिनको अनुगमन गरिएको थियो । अनुगमनका क्रममा ती व्यावसायिक फार्मबाट रु दुई लाख मूल्य बराबरको अखाद्य वस्तु नष्ट गरिएको तिवारीले बताए । गत आवमा मधेस प्रदेशको आठ जिल्लाबाट तीन हजार पाँच सय ८७ खाद्यपदार्थको नमूना जाँच गर्दा ७४ वटा नमूना प्रतिकूल पाइएको थियो ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**:arketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ